**पूर्ण इजलास**

**१.**

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, फौ.पु.ई.नं.: ०६५-CF-०००१, ०००३, ०००४ र ०००५ *नेपाल सरकार बि ईश्वरप्रसाद पोखरेल समेत, उषा पोखरेल वि.नेपाल सरकार, किरण पोखरेल वि. नेपाल सरकार, तेजप्रसाद पोखरेल वि. नेपाल सरकार, ईश्वरप्रसाद पोखरेल वि.नेपाल सरकार*

साविक भ्रष्टाचार निवारण ऐनको दफा १५ र हालको भ्रष्टाचार निवारण ऐनको दफा २०(१) ले राष्ट्रसेवकको आम्दानीको स्रोतको अनूपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरु कसैलाई आफ्नो हैसियत भन्दा बढी दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको विषयलाई कसूरका रुपमा उल्लेख गरेको कुरामा विवाद हुन सक्दैन । पहिलेको ऐनले उक्त कसूरलाई अनुमानित कसूरको संज्ञा दिई सोही दफामा सजायसम्बन्धी व्यवस्था भने गरेको देखिँदैन भने हालको ऐनले उक्त कसूरलाई गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको संज्ञा दिँदै ऐ. उपदफा (२) मा सजाय समेत तोकेको छ । दुबै कानूनी प्राबधानमा प्रमाणको भार प्रतिवादीमा नै निहीत गराइएको छ । अनुमानित कसूरमा पहिलेको भ्रष्टाचार निवारण ऐन, २०१७ ले सजाय नतोकेको भए तापनि त्यसलाई रिसवत लिएको अनुमान गरी कसूरदार ठहऱ्याउन सकिने व्यवस्था गरेको छ भने उक्त ऐनको दफा ३ मा राष्ट्रसेवकले आफ्नो ओहदाको कामवापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिएमा हुने दण्ड सजायसम्बन्धी व्यवस्था गरिएको देखिन्छ । दफा ३ को उल्लिखित व्यवस्थाले अनुमानित कसूरका रुपमा राखिएका क्रियालाई रिसवत लिएको कसूरअन्तर्गत समावेश गरेको हुँदा राष्ट्रसेवकको आम्दानीको स्रोतको अनूपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरु कसैलाई आफ्नो हैसियत भन्दा बढी दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको विषयलाई छुट्टै कसूरका रुपमा नराखिएको र त्यसलाई सजायको व्यवस्था पनि नगरिएको भनी अर्थ गर्न मिल्ने अवस्था नदेखिने ।

साविक र हालको भ्रष्टाचार निवारण ऐनका सम्बन्धित प्राबधानलाई नियाल्दा साविक ऐनले कसूर मानेको क्रियालाई हालको ऐनले पनि कसूर नै मानेको छ भने हालको ऐन जारी भएपछि साविक ऐन बहाल रहेको अबधिमा भए गरेका कसूरजन्य कार्यहरूलाई उन्मुक्ति प्रदान गरेको पनि देखिँदैन । यसरी साविक ऐनले पनि कसूरको संज्ञा दिई त्यसका लागि सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिँदै साविक ऐनले निश्चित गरेको सजाय भन्दा हालको ऐनले कम सजाय तोकेको स्थितिमा एउटै क्रियालाई साविक र हालको ऐनले फरक-फरक नामाकरण गरेको भन्ने मात्र आधारमा Ex Post Facto Laws को प्रसंग उठाउनु सान्दर्भिक देखिँदैन । Ex Post Facto Laws का आधारभूत मूल्य मान्यतालाई हाम्रो संवैधानिक व्यवस्थाले पूर्ण रुपमा आत्मसात् गरेको अवस्थामा हाम्रो सन्दर्भमा त्यससम्बन्धी अन्यत्रका सन्दर्भ र प्रसंगहरूलाई आधार बनाउनु पर्ने अवस्था नहुने ।

कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानून बनाई अपराध मानिएमा पहिले सानो र कम गम्भीर हुने कसूरलाई पछि ठूलो र बढी गम्भीर कसूर कायम गरिएमा, पहिले कम सजाय हुने कसूरलाई बढी सजाय कायम गर्ने गरी कानून निर्माण गरिएमा, प्रमाणसम्बन्धी कानूनी नियमहरूमा फेरवदल गरी कसूर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानून निर्माण गरिएमा मात्र त्यस्तो कानूनलाई Ex Post Facto कानून मानिने हुन्छ र त्यस्तो कानूनलाई अदालतले अमान्य गर्न सक्छ । यो नै Ex Post Facto Laws

सम्बन्धी मान्य सिद्धान्त हो । तर प्रस्तुत मुद्दामा साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) मा रहेको कानूनी व्यवस्थालाई तुलनात्मक रुपमा विश्लेषण गर्दा कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानून बनाई अपराध मानिएको वा पहिले सानो र कम गम्भीर हुने कसूरलाई पछि ठूलो र बढी गम्भीर हुने कसुर कायम गरिएको वा पहिले कम सजाय हुने कसूरलाई पछि बढी सजाय कायम गर्ने गरी कानून निर्माण गरिएको वा प्रमाणसम्बन्धी कानूनी नियमहरूमा फेरवदल गरी कसूर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानून निर्माण गरिएको अवस्था नभै साविकको ऐनले कसूर मानेको र सजायको समेत व्यवस्था गरेको विषयलाई पछि बनेको ऐनले पनि निरन्तरता दिएको र सजायतर्फ पहिले भन्दा कम सजायको व्यवस्था गरेको अवस्था हुँदा प्रस्तुत मुद्दामा Ex Post Facto Laws सम्बन्धी विचार र तर्कको कुनै प्रासांगिकता नै नभएकाले त्यसतर्फ थप विवेचना गरिरहनु पर्ने आवश्यकता नदेखिने ।

कुनै पनि कानूनी व्यवस्थाको व्याख्याको सन्दर्भ आउँदा स्वभावतः कानून व्याख्याका विभिन्न सिद्धान्तहरू प्रासांगिक हुन आउँछन् । कानून व्याख्याका प्रचलित सिद्धान्तहरूमध्ये शाब्दिक व्याख्याको सिद्धान्त पनि एक हो । यो सिद्धान्तले कानूनमा प्रयुक्त भाषा सरल, वोधगम्य र स्पष्ट हुनुका साथै बहुअर्थी वा द्विविधाजनक छैन भने त्यसको सोझो अर्थ जे निस्कन्छ त्यसैमा सीमित रहनुपर्छ भन्ने मान्यता बोकेको छ । कानून व्याख्याको एकमात्र उद्देश्य भनेको विधायिकी मनसाय पत्ता लगाउनु हो । यदि कानूनमा प्रयुक्त शब्दले अर्को अर्थ नदिँदासम्म त्यसलाई व्याख्याका अन्य जटिल सिद्धान्तहरूसँग आबद्ध गरेर अन्यथा अर्थ निकाल्नु वा विधायिकी मनसाय यो वा त्यो हुन सक्छ भनी अनुमान गर्नु उचित नहुने ।

आर्थिक ऐन, २०५८ को विवादित उक्त व्यवस्था स्वभावतः कर व्यवस्थापनसँग सम्बन्धित देखिन्छ । त्यसले सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महसूल, कर, पोत, शुल्क र दस्तूर लगाउने वा लगाई राखेकोलाई चालू राख्ने वा हेरफेर गर्नेसम्मको उद्देश्य ग्रहण गरेको सन्दर्भमा संविधानले सिर्जना गरेको संवैधानिक अंगका रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानले निश्चित गरेको काम, कर्तव्य र अधिकारको प्रयोगलाई साँघुरो बनाउने गरी आर्थिक ऐनको आयकरसम्बन्धी प्रावधान prevail गर्नसक्ने नहुने ।

VDIS कार्यक्रममार्फत् आयको स्वयं घोषणा गरी करसमेत तिरिसकेपछि सार्वजनिक पद धारण नगरेको करदाताले अन्य प्रचलित कानूनबमोजिम सम्पत्तिको स्रोत खुलाउनु पर्ने वाध्यता छ छैन भनी प्रश्न उठाएको सन्दर्भ छ, भ्रष्टाचार निवारण ऐन, २०१७ र भ्रष्टाचार निवारण ऐन, २०५९ दुबैले राष्ट्रसेवक बाहेकका अन्य व्यक्तिसमेतलाई अनुसन्धानको दायराभित्र समाहित गरेको परिप्रेक्ष्यमा राष्ट्रसेवक बाहेकका अन्य व्यक्तिले VDIS कार्यक्रममार्फत आयको स्वयं घोषणा गरी करसमेत तिरिसकेपछि निजलाई अन्य प्रचलित कानूनबमोजिम सम्पत्तिको स्रोत खुलाउनु पर्ने वाध्यता नहुने भनी उन्मुक्ति दिनु पर्ने कुनै आधार र कारण देखिँदैन । तसर्थ प्रस्तुत मुद्दाका मुख्य प्रतिवादी ईश्वरप्रसाद पोखरेलकी एकाघरकी श्रीमती उषा पोखरेलले VDIS कार्यक्रममार्फत आयको स्वयं घोषणा गरी कर तिरेकै आधारमा निजलाई प्रस्तुत मुद्दामा प्रतिवादी बनाउन वा निजको नाममा रहेको सम्पत्तिको स्रोत खोज्न वा निजलाई समेत छानवीनको दायरामा ल्याउन नमिल्ने भनी सम्झन र मान्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक ५ रोज ५ शुभम् ।

**२.**

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,**

पु.नं. ०६५-DF-०२४, दर्ता बदर, *दुनाई यादव समेत वि. जगदिश मण्डल धानुक समेत*

जग्गाको स्वामित्वको निर्धारणमा तत्काल भौतिक नियन्त्रण हुनैपर्ने बाध्यता भने छैन । किनभने स्वामित्व र भोग अलग-अलग कानूनी अवधारण भएकोबाट यी अलग-अलग व्यक्तिको विधिशास्त्रीय मान्यता छ । तर, सम्पत्ति धारण गर्ने स्वामी अर्थात धारकको सो सम्पत्तिसँगको सम्बन्ध स्पष्ट रुपमा देखिनुपर्छ । त्यो देखिने आधार कानूनले संरक्षण गर्नसक्ने अवस्थाको भएमा मात्र त्यस्तो सम्पत्तिमा स्वामित्वको दावी गर्ने अधिकारको सिर्जना हुन सक्ने ।

स्रोतविहीन दर्तालाई दूषित दर्ताको परिधिमा राखेर हेर्नुपर्ने हुन्छ । दूषित दर्ता गराउँदैमा कुनै सम्पत्तिमा अधिकारको सिर्जना हुनसक्तैन । त्यसो हुँदा दूषित रुपमा दर्ता गराइएको जग्गाको हस्तान्तरण प्रक्रियाको आडमा हैसियत परिवर्तन हुन सक्दैन । स्रोत नै दूषित भएपछि तद्पश्चात्का क्रियाले वैधता प्राप्त गर्न नसक्ने । दूषित दर्ता गराएको जग्गालाई हदम्यादको आधार देखाउँदै मान्यता दिँदै जाने हो भने एकको हकको वा सरकारी वा सार्वजनिक जग्गा गुपचुप रुपमै दर्ता गर्ने र निश्चित म्याद नाघेपछि दावी गर्न आउने प्रवृत्तिले प्रोत्साहन पाउने छ । यस्तो प्रवृत्तिले साम्पत्तिक अधिकारसम्बन्धी विधिशास्त्रीय अवधारण प्रतिकूल हुन जाने ।

जग्गा अन्यत्र हस्तान्तरण भई कित्ताफोडद्वारा खण्डित भएको जग्गाको हैसियत पनि मूल जग्गा सरह दूषित हुन्छ । कानूनी बाटो अनुशरण गरी अदालतबाट फैसला गराई हक हस्तान्तरण गरेको भन्ने आधारले दूषित दर्ताको हैसियत परिवर्तन हुन नसक्ने । यसरी ऐलानी जग्गा दूषित रुपमा दर्ता गरेको अवस्थामा त्यस्तो दर्तामाथि प्रश्न उठाउन हदम्याद बाधक हुन नसक्ने हुँदा फिराद हदम्याद नाघी परेको भन्न नमिल्ने ।

परम्पर अन्योन्याश्रित क्रियाहरूको कानूनी रुपमा परीक्षण एकसाथ गर्न सकिन्छ । यसलाई अलग-अलग विषय मान्नु न्यायोचित हुँदैन । मूल क्रियाबाट निस्रित हुने अन्य सहक्रियाको संख्या अ.वं. ७२ को परिप्रेक्ष्यमा अलग विषय होइन । मूल क्रियाको कानूनी वैधताको परीक्षणमा सोसम्बन्धी अन्य सहक्रियाको अस्तित्व आश्रित रहन्छ भने यस्तो अवस्थामा जतिसुकै क्रियाहरूको विरुद्धमा पनि एउटै फिराद दायर भई इन्साफ हुन सक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको पु.नं. ०६५-CF-००७, जालसाज, *दुनाई यादव समेत वि. जगदिश मण्डल धानुक समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** दे.पु.नं. २०६४ NF–०००२, पुनरावलोकन गरिपाऊँ, *अर्थ मन्त्रालय काठमाडौं वि. के.टि.आर. नाम्बियार*

आर्थिक एनलाई समग्रतामा हेर्दा त्यसले अनुसूची र द्रष्टव्यबाटै सो ऐनले पूर्णता पाएको, ऐनले मूल दफाले कर वा शुल्क वा दस्तूर वा महसूलको नाम मात्रै उल्लेख गरी त्यस्तो कर, शुल्क दस्तूर, महसूलको दर निश्चित गर्ने जस्तो सारभूत व्यवस्था र असूलउपर गर्ने प्रक्रियासमेत दफामा नराखी अनुसूची र द्रष्टव्यबाटै किटान गरेको अवस्थामा द्रष्टव्य शब्दको सामान्य शब्दकोषीय अर्थ लगाउन मिल्ने अवस्था नहुँदा यस शब्दको अर्थ ऐनको समग्रता र त्यसले अंगिकार गरेको भावभित्र खोजिनु पर्ने ।

कानूनमा स्पष्ट रुपमा यति कच्चा माल बराबर यति उत्पादन मानी अन्तःशुल्क लगाउने व्यवस्थाको अभाव हुँदाहुँदै अनुमानका भरमा अन्तःशुल्क निर्धारण गर्ने हो भने त्यहाँ स्वैच्छाचारिता हावी हुन जान्छ । अनुमान गर्ने कानूनी आधार नै नतोकिएको अवस्थामा गरिने अनुमान स्वभाविक रुपमा मनोगत हुन जान्छ । कानूनको शासनमा कानूनको परिधिलाई नाघ्ने

छूट कसैलाई पनि हुँदैन । कानूनले बाहेक गरेको कुरालाई मिल्ने हुँदैन ।

आर्थिक ऐन, २०५० को द्रष्टव्य नं. २ र निवेदक कम्पनी सूर्य टोवाकोलाई प्रदान गरिएको इजाजतपत्रमा अनुमानित उत्पादनका आधारमा अन्तःशुल्क लगाउने व्यहोरा उल्लेख नभएको र प्रचलित अन्य कानूनले पनि अनुमानका आधारमा चुरोटतर्फ अन्तःशुल्क लगाउने व्यवस्थाको अभाव रहेको अवस्था समेतलाई दुष्टिगत गर्दा अन्तःशुल्क ऐन, २०१५ र अन्तःशुल्क नियमहरू, २०१९ बमोजिम अन्तःशुल्क असूलउपर गर्न छुट भएको वा बाँकी भएको नदेखिएको अवस्थामा महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण गर्दा अनुमानित उत्पादनलाई आधार बनाएर बेरुजु औंल्याएको, सोको असूलउपरका लागि प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले निर्देशन दिएको र रकम दाखिला गर्नु भनी मूल्य अभिवृद्धि कर कार्यालयबाट निर्णय गरिएकोलाई कानूनबमोजिम भएको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल कात्तिक १२ रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** पु.नं. ०६५-DF-००४, लिखत बदर, *रत्नप्रसाद भट्ट वि. चित्राकुमारी गुरुङ*

साविक कित्ता नम्बरहरू नयाँ नापीमा परिवर्तन हुनु स्वाभाविक हो । साविकका तीन कित्ता यति धेरै कित्ता के कसरी भए खोज्न पर्दथ्यो भनी कुनै पनि व्यक्तिमाथि कर्तव्य लाद्न नसकिने ।

विवादित जग्गा प्रतिवादीको नाममा हक हस्तान्तरण भै आएको भन्ने वादीलाई पहिले नै जानकारीमा आइसकेको हुनुपर्छ भन्ने कुरा ठोस प्रमाणको अभावमा अनुमान गर्नु न्यायसंगत हुँदैन ।

मूलतः जग्गामा हक स्वामित्व हुने व्यक्तिमा नै सो सम्पत्ति हस्तान्तरण गर्ने अधिकार रहन्छ । स्वामित्व नरहेको व्यक्तिले लिखत गरिदिन सक्दैन । लिखत गरिदिँदाको अवस्थामा स्वामित्वको परिचायक जग्गाधनी प्रमाणपुर्जामा निजको नाम जग्गाधनीको रुपमा रहेको अवस्थामा मात्र निजबाट सो सम्पत्तिको हक हस्तान्तरणको क्रिया सम्भव हुने हो । तर पछि सो स्वामित्व अवैध रहेको अधिकार प्राप्त निकायले विधिवत ठहर गरेको अवस्थामा सो दाताको हैसियत स्वामित्वविहीन सरह हुन पुग्दछ । स्वामित्वको परिचायक जग्गाधनी प्रमाणपुर्जा नहुनु र हक हस्तान्तरण गर्दा सो रहेको भए पनि पछि सो आरम्भदेखि नै बदर हुनु कानूनका आँखामा समान अवस्था हुने ।

जग्गाको स्वामी नै नरहेको व्यक्तिले गरेको हक हस्तान्तरणलाई वैध मान्न नसकिने ।

न्यायिक तथा अर्धन्यायिक निकायका निर्णयको मर्यादा रहनु पर्दछ । न्यायिक निर्णय बौद्धिक व्यायामका लागि गरिएका हुँदैनन्; ती कार्यान्वयनका लागि गरिएका हुन्छन् । न्यायिक निर्णय औपचारिकता निर्वाहका लागि गरिएका हुँदैनन्; विवादको निप्टाराका साथै कसैको हक दायित्वको निर्धारणका लागि गरिएका हुन्छन् । सक्षम अदालतले विधिसम्मत माध्यमले गरेको निर्णयलाई अदालतले नै आफूखुशी अमान्य गरिदिने हो भने यो न्यायिक अराजकताको सूचक हुन पुग्ने ।

छलकपट, जालसाज, कृत्रिम आधार, नक्कली प्रमाण, आपसी मिलोमतो र सार्वजनिक सम्पत्तिमा कब्जा जस्ता माध्यमबाट भएका दर्ताबाट कसैको हक प्राप्त नहोस् भन्ने नै दूषित दर्ताको मूल मर्म हो । बिना स्रोत, बिना आधार र स्रोत लिखत वा प्रमाणको प्रतिकूल हुन पुगेका दर्तालाई पनि दूषित दर्ताकै दर्जामा राख्नुपर्ने हुन्छ । यस्ता कार्यले समयसीमाका कारणले मान्यता पाउने स्थिति नरहोस् भनेर नै दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने सिद्धान्त कायम भएको

हो । जुन कुरा प्रत्यक्ष रुपमा सम्भव छैन, त्यो परोक्ष रुपमा पनि सम्भव हुन नहुने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटर : सीता गुरुङ्ग
इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम्

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अनसारी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** नि.नं. ०६६-RC-००५२, बेरितको आदेश बदर गरी पाऊँ, *टेकेन्द्र सिँह ठकुरी वि. कर्मचारी सञ्चयकोष केन्द्रीय कार्यालय ललितपुर*

मुलुकी ऐन, अदालती बन्दोवस्तको १८३ नं. को देहाय दफा २ मा शुरु फैसलाले जरीवाना लागेको मुद्दामा पुनरावेदन तहमा मिलापत्र गर्दा शुरुको जरीवाना बुझाउनु पर्ने वा सो जरीवानाको निश्चित प्रतिशत बक्सौनी लाग्ने भन्ने उल्लेख नभएको तथा कीर्ते गरी आफूलाई नोक्सानी गरेको भन्ने पक्ष नै नोक्सानी भएको विगो पाइसकेको भनी मिल्ने मञ्जूर गरेको अवस्थामा मेलमिलापलाई प्रोत्साहन गर्नुको साटो कानूनमा जरीवानावापत बक्सौनी लिई मिलापत्र गर्ने व्यवस्था नभएकोले मिलापत्र गर्न नमिल्ने भनी पुनरावेदन अदालत पाटन ले गरेको आदेश अ.बं. १८३ नं. अनुरूप नदेखिँदा उक्त आदेश बदर हुने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
इति संवत् २०६६ साल मङ्सिर ११ रोज ५ शुभम् ।

## संयुक्त इजलास

**१.**

**स.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. २०६३-WO-०७५२, उत्प्रेषण परमादेश, *होमलाल श्रेष्ठ वि. अन्तरिम व्यवस्थापिका संसद सिँहदरवार समेत*

धुम्रपानजन्य पदार्थको सेवनबाट मानिसलाई फोक्सोको क्यान्सर, श्वास प्रश्वासजन्य रोगहरू दम, खोकी र मुटुका रोगले समात्ने र अन्तत्वगत्वा जीवन लीला समाप्त हुने अवस्था उत्पन्न हुन्छ । मानिस जानेर वा नजानेर यस्तो धुम्रपानको कुलतमा फस्ने भएकोले धुम्रपान विरुद्ध सचेतना अधिवृद्धि गर्नु, धुम्रपानको प्रवर्द्धनहुने गरी सार्वजनिक प्रचार प्रसार नगर्नु र सार्वजनिक स्थलहरूमा यसको उपयोगलाई प्रतिवन्धित गर्नुपर्ने राज्यको दायित्व हुन्छ । यदि राज्यको तर्फबाट यस्ता कदमहरू चालिँदैनन् भने नागरिकलाई संविधानले प्रत्याभूत गरेको जीवनको अधिकारको संरक्षण गर्ने दिशामा राज्यसंयन्त्र उदासीन भएको मान्नु पर्ने ।
इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६६ साल कार्तिक ४ रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको रिट नं.२०६३-WO-०७२४, परमादेश, *होमलाल श्रेष्ठ वि. मन्त्रिपरिषद्को कार्यालय सिँहदरवार समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. ०६४-WO-०७१९, परमादेश, *प्रेमबहादुर खड्का समेत वि. मन्त्रिपरिषद्को कार्यालय सिँहदरवार समेत*

उपयुक्त समयको नाउँमा हकको प्रचलनलाई अनिश्चित बनाउने गरी निर्दिष्ट कानून नबनाई बस्न पाउने छूट कार्यपालिका र विधायिकालाई समेत रहेको देखिन आउदैन । मौलिक हक संविधानको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । त्यस्तो हकको प्रचलनसम्बन्धी राज्यको दायित्वमा प्रत्यक्ष वा परोक्ष कुनै रुपले पनि उपेक्षा गरिन्छ भने त्यो संविधानको उल्लंघनको स्थिति हुन्छ । त्यस्तो स्थितिलाई अदालतले टुलुटुलु हेरेर न्यायिक निष्क्रियताको निर्वाह गर्न मिल्दैन । त्यस्तो गर्नु संविधान र नागरिक हक अधिकारको संरक्षकको भूमिकामा रहेको न्यायपालिकालाई वाञ्छनीय नहुने ।

संविधानको धारा १८(१) प्रदत्त कानूनबमोजिम रोजगारी प्राप्त गर्ने नेपाली नागरिकको मौलिक हक संविधानको धारामा मात्रै सीमित रहन जाने भएबाट त्यसलाई क्रियाशील

बनाई जनसाधारणले प्रचलन गर्न सक्ने अवस्था सिर्जना गर्न सम्बन्धित निकायहरूलाई आदेश दिनु यस अदालतको संवैधानिक दायित्व र कर्तव्य नै भएकोले प्रत्यर्थीहरू नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा नेपाली नागरिकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८(१) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रीय प्रतिज्ञापत्रको धारा ६ बमोजिम रोजगारीको अधिकारको पूर्ण सुनिश्चितता हुने गरी रोजगारीको हक कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयक यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र व्यवस्थापिका संसदसमक्ष पेश गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

नारायण सुवेदी

इति संवत् २०६५ साल पुस २३ रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. २०६४-WO-०८०३, परमादेश, *माधवकुमार बस्नेत समेत वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै अमुक मुलुकसँग कुनै समय विशेषमा रहेको राम्रो कुटनीतिक सम्बन्धको कारण सपुर्दगीका सम्बन्धमा विद्यमान राष्ट्रिय कानून र द्विपक्षीय सन्धिको प्रावधान पूरा नगरीकनै छोटो र सजिलो मार्गबाट आरोपित व्यक्तिहरूलाई हस्तान्तरण गर्दै जाने परिपाटीले तत्कालीन रुपमा कुनै नोक्सान नहोला । तर कालान्तरमा त्यसले एउटा नराम्रो र अनपेक्षित नजीर निर्माण हुन पुग्दछ । त्यसमा पनि विशिष्ट भौगोलिक एवं आर्थिक, सामाजिक अवस्थामा रहेको हाम्रो जस्तो मुलुकले परम्परागत र अनौपचारिक तवरले अपराध एवं अपराधीलाई व्यवहार गर्ने वा हस्तान्तरण गर्ने प्रक्रियालाई निरन्तरता दिने गरियो भने कुनै अवस्थामा त्यस्तै खालको सहयोग नपाउने अवस्था हुन्छ भने शक्तिशाली मुलुकले पूर्व दृष्टान्त देखाएर अनुचित फाइदा लिन खोज्ने प्रवृत्ति रहन जाने संभावनालाई नकार्न नमिल्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

नारायण सुवेदी

इति संवत् २०६५ साल पुस २३ रोज ४ शुभम् ।

## इजलास नं. १

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको दे.पु.नं. ०१८३, मोही लगत कट्टा, *मोहन कपाली वि. गुठी संस्थान केन्द्रीय कार्यालय डिल्लीबजार समेत*

गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने व्यवस्था बहाल रहेकै बेला मोही मानी भूमिसुधार कार्यालयमा जनिई जोतिरहेको अवस्था रहेको र गुठी संस्थान ऐन, २०३३ को दफा २७ मिति २०४९।१०।५ मा आएको र उक्त ऐनको प्रतिवन्धात्मक वाक्यांशले दफा २७ बमोजिम मोहियानी हक प्राप्त गरिसकेको व्यक्तिको मोहियानी हक खोसिने व्यवस्था गरेको नदेखिने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६६ साल कात्तिक २० रोज ६ शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ७७११, निर्णय दर्ता बदर हक कायम, *लक्ष्मी पौडेल वि. मीरादेवी समेत,* २०५९ सालको दे.पु.नं. ८२७३, *भीमराज्य लक्ष्मी शाह वि. लक्ष्मी पौडेल*

प्रतिवादीहरूले नागरिकताको सम्बन्धमा चुनौती दिई सोलाई सम्बन्धित निकायबाट बदर वातिल गराउन सकेको नहुँदा केवल प्रतिवादीको जिकीरमात्रैबाट वादीको छोरी होइनन् भनी सम्झन नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको रिट नं. २९७५, उत्प्रेषण, *सुरेन्द्रभक्त प्रधानाङ्ग, वि. भूमिसुधार कार्यालय काठमाडौं समेत*

गाउँ विकास समितिको राय र नापी शाखाको ट्रेस समेतको आधारमा जग्गाको उत्तरतर्फको २६ फीटको सडकमा समान मोहडा गर्ने गरी आधा पूर्वतर्फ जग्गा धनी र आधा पश्चिमतर्फ मोहीले पाउने गरी भूमिसुधार कार्यालयले गरेको निर्णयमा कुनै त्रुटि नदेखिँने ।

इजलास अधिकृतः लिलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल कात्तिक ६ रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. WO-००८६, उत्प्रेषण, *सुरेन्द्रभक्त प्रधानाङ्ग, वि. भूमिसुधार कार्यालय समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको रिट नं. ३२३४, उत्प्रेषणयुक्त परमादेश, *अर्जुनकुमार मघैया वि. भूमिसुधार कार्यालय समेत*

विवादित मोही जग्गाको स्थानीय प्रचलित मूल्य के कति चलेको थियो, अगाडिको जग्गाको मूल्य र पछाडिको जग्गाको मूल्य कति थियो ? कुन जग्गा कसलाई दिँदा उपयुक्त हुने थियो र कसरी बाँड्दा राम्रो हुने थियो भन्ने जस्तो मनोगत एवं तथ्यगत विषय रिट क्षेत्रबाट हेर्न नमिल्ने ।

इजलास अधिकृतः लिलाराज अधिकारी
इति संवत् २०६६ कात्तिक ६ गते रोज ६ शुभम् ।

५.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०८७२, दर्ता बदर, *माधवप्रसाद घिमिरे वि. मन्त्रिपरिषद् सचिवालय समेत*

पुनरावेदकले मालपोत कार्यालयका कुनै पनि कर्मचारीलाई व्यक्तिगत रुपमा प्रतिवादी बनाएको पनि छैन, श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र मालपोत कार्यालय कास्कीलाई मात्र प्रतिवादी बनाएको स्थिति छ । कार्यालयहरूलाई मात्र प्रतिवादी बनाएको अवस्थामा अ.वं. २९(८) आकर्षित भै पुनरावेदनबाट शुरु कारबाही हुन नसक्ने ।

इजलास अधिकृतः लिलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

६.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ९०३२, निर्णय बदर समेत, *बलबहादुर विष्ट वि. वालुवा सुन्ताखान गा.वि.स.*

जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५)(क) को व्यवस्था नापीको समयमा प्रयोग हुने कानूनी व्यवस्था हो । विवादरहित रुपमा भोगचलन गरी आएको जग्गा खरीद विक्री हुँदै आएको रहेछ र लामोसमय व्यतीत भै सकेको रहेछ भने नापी हुन लागेको समयमा सोही भोगवाला व्यक्तिको नाममा दर्ता गर्नको लागि प्रयोग हुने उक्त कानूनी व्यवस्था जुनसुकै अवस्थामा प्रयोग हुने र सार्वजनिक जग्गा जोतभोग गर्दैमा व्यक्तिको नाममा दर्ता गर्नको लागि तर्जुमा भएको हो भन्ने ठान्न नमिल्ने ।

इजलास अधिकृतः लिलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल कात्तिक ५ रोज ५ शुभम् ।

## इजलास नं.२

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री तपबहादुर मगर,** २०६३ सालको फौ.पु.नं. ३२५७, सवारी ज्यान अंगभंग घाइते, *बालकृष्ण बराल वि. नेपाल सरकार,* २०६२ सालको फौ.पु.नं. ३१०५, *कुशेश्वर महतो वि. नेपाल सरकार*

कानूनमा भइरहेको स्पष्ट व्यवस्था एवं यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको विपरीत हुने गरी क्रियाखर्च र क्षतिपूर्ति रकमको प्रश्नमा समेत निर्णय गर्नु भनी मिसिल शुरुमै फिर्ता पठाउने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनी प्रावधान समेतको विपरीत देखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल भदौ २५ रोज १ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ०५८८, निर्णय बदर हक कायम समेत, *सेमन्तराज चापागाई समेत वि. बसलाल कपाली समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१क(१) अनुसार मोहियानी हकको प्राप्ति वा मोहियानी हकको तेरो मेरोसम्बन्धी विवादको निर्णय तोकिएको अधिकारीले गर्नेछ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । कुनै जग्गाको मोही महलमा लेखिएको व्यक्ति वास्तविक मोही हो वा होइन भन्ने निरुपण गर्नुपर्ने अवस्था पर्न आएमा त्यस्तो निर्णय गर्न कानूनले तोकेको अधिकारी अर्थात भूमिसुधार अधिकारीले मात्र गर्न सक्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल साउन २० रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको रिट नं. २९६६, उत्प्रेषण, *चन्द्रबहादुर सुवेदी खत्री वि. मालपोत कार्यालय दोलखा समेत*

रिट क्षेत्रबाट उपचार माग्नका लागि निवेदकको संवैधानिक वा कानूनी हक हनन् भएको देखिनु पर्छ । विपक्षीहरू लिखित जवाफ र नक्सा समेतबाट विवादित जग्गामा खोला जनिई नापी भै नेपाल सरकारको नाउँमा दर्ता भएको देखिँदा निवेदकको निर्विवाद हक भोग स्वामित्वअन्तर्गतको जग्गा रहेछ भन्न नमिल्ने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल बैशाख १० रोज ५ शुभम् ।

## इजलास नं. ३

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको स.फौ.पु.नं. २८७९, ज्यान मार्ने उद्योग, *धनकुमार भण्डारी वि. नेपाल सरकार,* २०५९ सालको स.फौ.पु.नं. ३१६२, *नेपाल सरकार वि. डम्बरप्रसाद भण्डारी समेत*

पीडितले आफ्नो अदालतसमक्षको वकपत्रको स.ज. १० मा प्रतिवादीले खुकुरी प्रहार गरी घाइते बनाएको भनी लेखाई दिएको र निजको सो भनाई मिसिल सामेल रहेको घा जाँच केश फाराम समेतबाट पुष्टि भई निज गम्भीर रुपमा घाइते भै उपचार गराएको, निजलाई घाइते वनाउँदाको अवस्थामा निजको छोरा भीमबहादुर पनि साथै रहेको र निजले हारगुहार गरेपश्चात् प्रतिवादीले पीडितलाई घाइते बनाई छाडी गएको भनी भीमबहादुरले मौकामा कागज गर्दा लेखाई दिएको समेतको अवस्थामा वारदातको समयमा तेस्रो पक्षको संलग्नताबाट पीडितको ज्यान मर्न नपाएको रहेछ भन्ने कुरा पुष्टि हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको रिट नं. ३४५०, उत्प्रेषणयुक्त परमादेश, *वनारसी देवी समेत वि. पुनरावेदन अदालत हेटौंडा समेत*

फैसला कार्यान्वयन गर्ने निकाय वारा जिल्ला अदालत नै रहेको अवस्थामा फैसला कार्यान्वयन गर्ने निकाय वारा जिल्ला अदालतलाई

विपक्षी बनाउनु पर्नेमा सो निकायलाई विपक्षी समेत बनाएको नदेखिँदा र फैसला कार्यान्वयन भई वादीको नाममा लिलाम प्रक्रियाद्वारा उल्लिखित जग्गाहरू दा.खा दर्ता भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य सारभूत रुपमा रहेको नदेखिने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल भदौ २६ रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९४९७, अंश दर्ता, *तारादेवी यादव समेत वि. सुशीलादेवी यादव समेत*

तायदाती फाँटवारीमा उल्लेख भएको स्व. बाबु बन्ठु यादवको नाम दर्ताको कि.नं. १०२४ को ज.वि. ०-०-१७ देखिवाहेकको अन्य प्रतिवादीहरू रामदेव यादव, बुचुनीदेवी यादव, फुलचन यादव, सुनरवती यादव, विन्देश्वर यादव र लुखियादेवी यादव समेतका नामदर्ताको जग्गाहरू पैत्रिक सम्पत्तिबाट बढे बढाएको नभई निज प्रतिवादीहरूको पारिश्रमिक तथा ऋण सापटी लिई निजी ज्ञान, सीप र प्रयासबाट आर्जन गरेको देखिने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ७७९७ र ८३८७, अंश दर्ता, *धुरन चौधरी वि. धोती चौधरी समेत, छेदिलाल चौधरी थारु वि. धुरन चौधरी*

२००४ सालमा नै अलग-अलग नापी दर्ता गराउनु, २०२७ सालमा विक्री व्यवहार गर्दा एकलौटी हक भोगको भनी विक्री व्यवहार गर्नु मोहितदासको परलोकपश्चात् वादी धुरनले २०४३।३।२४ मा निजको नामको जग्गा नामसारी गर्दा एकमात्र हकखाने भनी नामसारी गराएको मोहित र घोतीले अलग-अलग ७ नं. फाँटवारी भरेको समेतको अवस्था विद्यमान देखिएकोले अंशवण्डाको लिखत भएको नदेखिए तापनि वादी र प्रतिवादी धोती र विलटको बीच व्यवहार प्रमाणबाट अंशवण्डा भइसकेको मान्नु पर्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०४१६, ठगी, *नेपाल सरकार वि. अजय कर्ण समेत,* २०६५ सालको फौ.पु.नं. ०४७५, *विमलेशप्रसाद शाह वि. नेपाल सरकार,* २०६५ सालको फौ.पु.नं. ०६७७, *अजय कर्ण वि. नेपाल सरकार*

संस्थामा रकम सञ्चय गर्ने सञ्चयकर्ताहरू पनि हामीले यति-यति रकम उक्त संस्थामा जम्मा गरेको हो भनी रकम जम्मा गरेको रसिद भरपाई समेतका प्रमाण लिई उपस्थित भएको अवस्था छैन । यसरी संस्थामा रकम जम्मा गर्ने व्यक्तिहरू र रकम जम्मा गरेको प्रष्ट देखिने रसिद भरपाई वेगर केवल ठाडो निवेदनमा लेखिएको भरमा उक्त ७५,००,०००।- रकम संस्थामा जम्मा भएको पुष्टि नै नभएकोले प्रतिवादीहरूबाट ठगी गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.सा.नं.००१८ र ००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.जोककुमारी कार्की, जोककुमारी कार्की वि. नेपाल सरकार*

एक पटक दाउराले प्रतिकार गरिसकेपछि पुनः बञ्चरो जस्तो घातक हतियार लिई शरीरको संवेदनशील अंग टाउकोमा प्रहार गरेको देखिन्छ । बञ्चरोले मान्छेको टाउकोमा प्रहार गर्दा मान्छे मर्न

सक्छ भन्ने कुराको ज्ञान यी प्रतिवादीलाई थिएन भनी अनुमान गर्न नसकिने ।

वारदातको रातमा पनि मृतकले मादक पदार्थ सेवन गरी घर आएको र जोगकुमारीलाई पीर्काले हानेको भन्ने कुरा प्रत्यक्षदर्शी छोरा सागर कार्कीको वकपत्रबाट समेत देखिन आएको छ । यी सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिँसाबाट प्रताडित भई घरको पारिवारिक वातावरण नै कलहमय भएको हुँदा आजित अवस्थामा पुगी आफ्नै लाग्नेलाई मार्न पर्ने अवस्थामा प्रतिवादी जोगकुमारी कार्की पुग्न गएको अवस्था निजको दुईवटा नावालक छोराहरू समेत रहेको, निज नावालकहरूको पालन पोषण रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा अ.व. १८८ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०१८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. योगेन्द्र गुप्ता समेत*

मृतकको शरीरमा मृत्यु हुन सक्ने कुनै पनि प्रकारको बाह्य तथा आन्तरीक चोट नदेखिएको तथा भीसेरा परीक्षण प्रतिवेदनबाट विष जस्तो घातक पदार्थ समेत नभेटिएको अवस्थामा केवल प्रतिवादीहरू बीचको अनैतिक सम्बन्ध रहेको आशंकामा सोही कारणबाट मृतकलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेको भनी अनुमान गरी कर्तव्य ज्यान जस्तो गम्भीर मुद्दामा कसूरदार ठहर गर्नु फौजदारी न्यायका मान्य सिद्धान्तहरू समेतको अनुकूल नहुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको स.फौ.पु.नं. ३४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर राई समेत,* २०६४ सालको सा.नं. ९९, *नेपाल सरकार वि. भीमकुमार राई*

कर्तव्य ज्यान जस्तो गम्भीर अभियोगमा केवल जाहेरी दरखास्तमा शंका गरेकै आधारमा तथ्यगत रुपमा सो व्यहोरा पुष्टि नभई सजाय गर्नु न्यायसंगत हुँदैन । अभियुक्तको कसूर शंकारहित तवरबाट पुष्टि हुनुपर्छ अन्यथा शंकाको सविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतबाट प्रतिवादीहरू मानबहादुर राई, कैलाश भन्ने प्रकाश राई, बमबहादुर राई र महेन्द्रकुमार राईले सफाई पाउने ।

प्रतिवादी भीमकुमार राईको हकमा साधकको रोहबाट हेर्दा निजले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा आफूले मृतकलाई धारिलो हतियार(वाम्फोक) प्रहार गरी घाइते बनाएको भनी स्पष्टरुपमा स्वीकार गरेको र निजको स्वीकारोक्ति शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको देखिँदा ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार ४ गते रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ००६२, बन्दीप्रत्यक्षीकरण, *शर्मीला बस्नेत वि. गृह मन्त्रालय सिँहदरवार समेत*

निवेदकउपर महानगरीय प्रहरीबृत्त नयाँबानेश्वरमा मिति २०६४।२।१५ गते राति माओवादी केन्द्रीय कार्यालयमा भएको बम विष्फोटन गराएविरुद्ध विष्फोटक पदार्थ ऐनअन्तर्गत मुद्दा दर्ता भएकोले कारागारबाट मुक्त भएपछि मिति २०६६।१।२३ का दिन अनुसन्धानको

सिलसिलामा यी निवेदकलाई पक्राउ गरी कानूनबमोजिम काठमाडौं जिल्ला अदालतबाट म्याद लिई थुनामा राखेको देखियो । यसरी अदालतबाट म्याद थप लिई कानूनबमोजिम कारवाही अगाडि बढाएको कुरालाई अनुसन्धान प्रक्रियामा असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको स.फौ.पु.नं. २७०४, भ्रष्टाचार, *नेपाल सरकार वि. गोपालप्रसाद श्रेष्ठ*

प्रस्तुत विवादमा पटक-पटक सुर्ती खरीद भएको छ । तर प्रत्येक खरीदका लागि सञ्चालक समितिको पूर्वस्वीकृति वा पूर्वआदेश यस अदालतबाट झिकाइएका कार्यवृत पुस्तिका (माइनेट बुक) का छवि प्रतिलिपिबाट देखिन्छ । खरीद स्वीकृति दिने सञ्चालक समितिका पदाधिकारी र सदस्यहरूको काम दुराशयरहित हुने तर सोही निर्णय कार्यान्वयन गर्ने महाप्रवन्धकका कार्य दुराशययुक्त हुने अभियोगलाई न्यायोचित मान्न नसकिने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २८ रोज १ शुभम् ।

११.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं. ०६६३, उत्प्रेषण परमादेश, *चेतनाथ खतिवडा वि. शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर समेत*

निवेदकले विज्ञापनमा निर्धारित शर्तहरूमा स्वीकृति जनाई सोअनुरूपको नतिजा समेतलाई ग्रहण गर्दै अन्तर्वार्तामा सामेल भएको अवस्थामा आफू योग्यताक्रमको सूचीमा नपरेको भन्ने आधारमा मात्र सो नतिजालाई पूर्णरुपमा इन्कार गरी चुनौती दिनुलाई प्रथम दृष्टिमा नै तर्कसंगत रुपको कार्य भन्न नसकिने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

१२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. १०००, जग्गा खिचोला चलन, *इन्द्रदेव नारायण यादव वि. फूलकुमारी साह सुरिन*

प्रतिवादीको न.नं. ८ कि.नं. ३३८ को जग्गा उत्तर दक्षिणमा अवस्थित रही सो जग्गाको दक्षिण कुनामा पूर्व पश्चिमको क्षेत्र ओगटेको टिनको छाना भएको घर रही सो जग्गाको पूर्वतर्फ समुच्चा जग्गालाई पर्खालले घेरी छुट्याएको अवस्था समेत देखिन्छ । यसरी आफ्नो जग्गामा पर्खाल लगाई घेरावेरा गरी घर बनाइसकेपश्चात् पनि घरदेखि दक्षिणतर्फको न.नं. १ को समुच्चा जग्गालाई आफ्नो जग्गा हो भनी पुनरावेदक प्रतिवादीले दावी जिकीर लिँदैमा सो जग्गा प्रतिवादी विद्यालयकै रहेछ भन्नु तर्कसंगत नहुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २८ रोज १ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको दे.पु.नं. ८८६५, निषेधाज्ञा, *भोगेन्द्र चौधरी समेत वि. बनौलीदनौली गा.वि.स.का. कार्यकारणी समिति समेत*

दर्ता सम्बन्धमा सम्बन्धित अदालतमा मुद्दा दायर भई कारवाही चलेको भन्ने देखिएकोमा सो मुद्दाबाटै प्रमाण मूल्याङ्कन गरी हकबेहकको प्रश्न निराकरण हुने अवस्था देखिन्छ । निषेधाज्ञा मुद्दाबाट प्रमाणको मूल्याङ्कन गरी नेपाल सरकारको

नाममा भएको दर्ता वदर गर्न सकिने अवस्था नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको रिट नं. दे.पु.नं. ०६३-CI-०८६०, निषेधाज्ञा, *श्यामकुमार क्षेत्री वि. जिल्ला प्रहरी कार्यालय पर्सा समेत*

निवेदकलाई पक्राउ गर्ने वा कानून प्रतिकूल देवानी विषयमा कागज गराउने भनिएको नारायणी अञ्चल प्रशासन कार्यालय नै विघटन भै सकेको अवस्थामा विघटन भएको संस्थाबाट त्यस्तो काम हुने आशंका नहुने र आशंका भएमा पनि यस्तो विघटन भैसकेको कार्यालयका नाममा निषेधाज्ञाको आदेश जारी गर्नु प्रयोजनहीन र औचित्यविहीन हुन जाने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको दे.पु.न..०६३-CI-०३९४, परमादेश, *गणेशबहादुर खत्री वि. यज्ञराज भट्ट*

आफ्नो कार्यालयबाटै अनाधिकार कार्य भएको अवस्थामा अनाधिकार कार्य गर्ने कर्मचारीउपर कारवाही गर्नुपर्ने वा सच्याउनु पर्ने बाटो अवलम्बन गर्नुपर्ने हुन्छ । आफ्नो कार्यालयबाट भएको गल्ती वा कमजोरीलाई ढाकछोप गर्नका लागि अर्काले कानूनतः पाएको हकाधिकारलाई कुण्ठित गर्नु न्याय एवं कानूनको रोहमा मिल्ने नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको रिट दे.पु.नं. ०६३-CI-०८५९, निषेधाज्ञा, *श्यामकुमार क्षेत्री वि. केदार रिजाल समेत*

निषेधाज्ञाको आदेश आशंकाको अवस्था विद्यमान भएमा जारी हुने हो । विपक्षीहरूबाट निवेदकको वैयक्तिक वा नागरिक स्वतन्त्रतामा आघात पार्ने गरी काम गर्ने आशंका नै रहे भएको नदेखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको दे.पु.नं. ०६३-CI-०४२६, परमादेश, *तिलकराम वातर सरदार वि. गिर्जा श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४४८, परमादेश, *विन्दादेवी वाँनिया वि. मालपोत कार्यालय सिन्धुली*

रिट निवेदनमा तारेख गुजारेमा निवेदनलाई तामेलीमा राख्ने अदालती अभ्यासलाई सहज रुपमा लिइएको छ । आदेशमा यो ऐनको यो दफाबमोजिम तामेलीमा राखिएको भनी उल्लेख नगर्दैमा मुद्दामा निस्कने परिणामलाई त्यसले नकारात्मक असर नपर्ने भएकोले तामेलीमा राख्ने गरी भएको आदेश अ.वं. १८५(क) नं. विपरीत भएको भन्ने पुनरावेदन जिकीर निरर्थक देखिने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ९५५३,

राजीनामा लिखत बदर, *शेरबहादुर गुरुङ्ग वि. हेमबहादुर महत*

पुनरावेदकका दाता वोधराजले आफ्नो पालामा आफैले आर्जन गरेको देखिँदा निजको स्वआर्जनको सम्पत्ति हो भन्ने देखिन्छ । यस्तो स्वआर्जनको सम्पत्ति निज बोधराज महतले मुलुकी ऐन अंशवण्डाको महलको १९(२) बमोजिम आफूखुश गर्न पाउने भै कसैको मञ्जूरी नलिई यी पुनरावेदक शेरबहादुर गुरुङलाई विक्री गर्न सक्ने नै देखिन्छ । तसर्थ निज वोधराजले यी शेरबहादुर गुरुङलाई जग्गा राजीनामा गरिदिएको लिखतलाई अन्यथा भन्न र गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ३५६८, उत्प्रेषण समेत, *सुकुराम लामा वि. बुधनसिँह लामा समेत*

रीतपूर्वक तामेल भएको म्यादमा प्रतिउत्तर लिएर अदालत गई प्रतिवाद नगर्ने, पछि आएर वेरीतसँग तामेल भएको भनी दावी लिई अदालत प्रवेश गर्ने रिट निवेदकलाई अदालतले मद्दत गर्न सक्दैन । रीतपूर्वक तामेल भएका म्यादका आधारमा भएको फैसलाको वैधानिकता माथि प्रश्न उठाउन पनि सकिँदैन । त्यस्तो विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको रिट नं. ०६५-WO-०४०३, उत्प्रेषण समेत, *राजु खत्री वि. दधीराम भट्टराई समेत*

गा.वि.स. सचिवले रिट निवेदकको वतन चान्लाखेल ३ नै हो भनी लिखित जवाफ दिएको देखिन्छ । तामेली म्यादमा साक्षी बस्ने व्यक्तिहरूले पनि रिट निवेदकको वतन चान्लाखेल गा.वि.स. वडा नं. ३ भनी लेखाई दिएबाट चान्लाखेल ३ मा तामेल भएकोलाई गैर वतनमा तामेल भएको भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

१०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको स.फौ.नं. ३१४५, सरकारी छाप दस्तखत कीर्ते, *श्री ५ को सरकार वि. रामकृष्ण तिमल्सेना समेत*

विशेषज्ञ घनश्याम मुखियाले दिएको राय प्रमाण ऐन, २०३१ को दफा ३६(३) र दफा ५२ बमोजिमको प्रक्रिया पुगेको हुँदा मिति २०५७।२।३२ मा दिएको राय प्रमाणमा लाग्न सक्ने देखियो । विशेषज्ञको रायबाट विवादित लिखतमा भएको हस्ताक्षरसँग रामकृष्ण तिमिल्सिनाको हस्ताक्षर मिलेको भिडेको भन्ने रायलाई विशेषज्ञको अदालतमा भएको बकपत्रबाट पनि पुष्टि भएकोले प्रतिवादी रामकृष्ण तिमिल्सिनाले अभियोग दावी बमोजिम कसूर गरेको ठहर्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य
इति संवत् २०६५ साल पुस २० गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको स.फौ.नं. ३११९४, सरकारी छाप दस्तखत कीर्ते, *श्री ५ को सरकार वि. पुण्यप्रसाद सेनाई* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

११.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ०६३-WO-००१५।२५६५, उत्प्रेषण समेत, *रमेशप्रसाद गौतम वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*

साविक कर्मचारी विनियमावली, २०५० खारेज गरी नयाँ जारी भएको कर्मचारी सेवा विनियमावली, २०६१ को विनियम ५३ मा निवेदक बहालमा रहेको सुरक्षा गार्ड पदको अवकाशको

उमेरको हद ५५ वर्ष तोकिएको र सोही नयाँ व्यवस्था लागू हुँदा निवेदक ५५ वर्ष पूरा गरी सकेको हुँदा यसरी कानून कार्यान्वयन हुँदा स्वतः अवकाश भएको अवस्थामा मौलिक हक वा कानूनी हक हनन् नहुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५ सालको रिट नं. ०६४-WO-०९५८, उत्प्रेषण समेत, *खड्गबहादुर शाही वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*
- २०६३सालको रिट नं. ०६३-WO-००१६/२५६६, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद फुँयाल वि.राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय काठमाडौं समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-००१७/२५६७, उत्प्रेषणयुक्त परमादेश, *रामबहादुर खड्का वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*
- २०६३ सालको रिट नं. ०६३-WO-००१८/२५६८, उत्प्रेषण समेत, *उदयबहादुर कार्की वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयसमेत*

१२.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालाको रिट नं. ३४३९, उत्प्रेषण परमादेश, *यादव लामिछाने समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

कुनै पनि न्यायिक निर्णय गर्नुपर्ने निकायले आरोपित व्यक्तिलाई लगाइएको आरोपको सम्बन्धमा स्पष्ट उल्लेख गरी प्रतिवाद गर्न दिएको सूचना वा स्पष्ट आरोपको सम्बन्धमा आरोपित व्यक्तिलाई मतलव र परिणम सम्झाई निर्णय गर्ने अधिकारी समक्ष गराइएको वयान वा प्रतिवाद गर्न दिइएको मौकालाई सुनुवाईको मौका दिएको भनिन्छ र यस्तो प्रक्रिया पूरा गरी गरिएको निर्णयमा मात्र सुनुवाईको मौका दिइएको मान्नु पर्छ । प्रस्तुत मुद्दामा उल्लिखित प्रक्रिया पूरा गरी निवेदकलाई सुनुवाईको मौका नदिई केवल अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतसमक्ष मात्र वयान गराएको भन्ने देखिन्छ । यसरी अनुसन्धान अधिकृतसमक्ष अनुसन्धानको क्रममा गराएको वयानलाई वास्तविक रुपमा सुनुवाईको मौका दिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल असोज २५ रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०४२२, कर्तव्य ज्यान, *देवबहादुर रावल वि. नेपाल सरकार*

प्रहरी कर्मचारीले आफ्नै कार्यालयभित्र ड्यूटीमा रहेको आफ्नो साथीलाई बन्दुकले गोली हानी हत्या गर्छ भने त्यो जति अनुशासनहीन, गैरकानूनी र घातक कार्य के हुन सक्छ ? यस्तो प्रवृत्ति बढ्दै जाने हो भने सामान्य नागरिकको जीउज्यानको सुरक्षा गर्ने प्रहरी कर्मचारी आफै असुरक्षित हुन्छ । त्यो समाज जहाँ प्रहरी कर्मचारी व्यारेकभित्र आफ्नै साथीबाट असुरक्षित रहन्छ भने देशको Law and Order को स्थिति कहाँ पुग्छ र के हुन्छ ? तसर्थ यहाँ मृतकको परिवारले आर्थिक क्षतिपूर्ति पाइसकेको भन्ने कुराबाट अदालत प्रभावित हुन नसक्ने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ १२ गते रोज ६ शुभम् ।

१४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-०४९०, उत्प्रेषणयुक्त परमादेश, *उत्तरकुमार श्रेष्ठ वि. नेपाल बंगलादेश बैंक कमलादी काठमाडौं समेत*

अदालतले कुनै पनि प्रकारको आदेश जारी गर्दा सो आदेशको प्रयोजन र सार्थकता सिद्ध हुन सक्नुपर्छ । प्रयोजन र सार्थकताविनाको आदेश जारी गर्नु न्यायिक मूल्य मान्यता विपरीत हुन जान्छ । रोक्का रहेको भन्ने निवेदन दावी प्रथमदृष्टिमा नै प्रयोजनहीन र निरर्थक देखिन आएकोले प्रस्तुत रिट निवेदनमा उठाएका अन्य प्रश्नहरूका सम्बन्धमा थप विवेचना गरिरहन पर्ने देखिएन । रोक्का रहेको भन्ने नै नदेखिएको अवस्थामा निवेदन दावीको जग्गा फुकुवा गरिदिनु भनी परमादेशको आदेश जारी गर्नु प्रयोजनहीन र निरर्थक हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

१५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-०९४९, परमादेश, *रामसुदिष्ट राय वि. भूमिसुधार तथा व्यवस्थापन विभाग काठमाडौँ समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले पनि सबै नागरिकहरू कानूनका दृष्टिमा समान हुने र कानूनको समान संरक्षणबाट कसैलाई बञ्चित नगरिने गरी समानताको हकको ग्यारेन्टी गरेको अवस्था छ । यस्तो अवस्थामा पनि निवेदकलाई स्वतः बढुवा हुन पाउने हकबाट बञ्चित गर्नु मानव अधिकारको समेत उल्लंघन हुन जाने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-०४९१, उत्प्रेषणयुक्त परमादेश, *परेशकुमार श्रेष्ठ समेत वि. नेपाल बंगलादेश बैंक कमलादी काठमाडौँ समेत*

२०६२।१२।७ मा रोक्का भएको थाहा पाएको भन्दै २०६३।८।१४ मा मात्र प्रस्तुत रिट निवेदन दर्ता भएको पाइयो । रोक्का भएको वा रोक्का भएको थाहा भएको भनिएको मितिबाट अनावश्यक विलम्ब गरी प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन्छ । आफ्नो अधिकारप्रति सचेत नरहने र अनावश्यक ढिलाई गरी अदालत आउने पक्षलाई अदालतले मद्दत गर्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-११५७, उत्प्रेषण, *खैरुहिदन अन्सारी वि. नेपाल बैंक लिमिटेड धर्मपथ काठमाडौँ समेत*

रिट निवेदकहरूले लिएको कर्जा भाखाभित्र र भाखा नाघेपछि पनि तिरे बुझाएको वा तिर्न तत्परता देखाएको समेत नदेखिँदा तत्काल प्रचलित वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७ मा भएको कानूनी व्यवस्थाका अधीनमा रही आफ्नो कर्जा असूलका लागि उक्त जग्गा लिलाम प्रक्रियामा लैजादा कसैले सकार नगरेका कारण आफैले सकार गरी दा.खा. दर्ता गराएको देखिँदा उक्त काम कारवाहीलाई कानून प्रतिकूल भएको र उक्त कार्यबाट निवेदकलाई संवैधानिक हकमा आघात परेको भनी मान्न नसकिने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको रिट नं. ०६५-WO-०४१३, उत्प्रेषण समेत, *रामजी महरा चमार वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले उल्लेख गरेको कर्तव्य ज्यान मुद्दामा मिसिल सामेल रहेका सम्पूर्ण प्रमाणहरूको मूल्याङ्कन गरी मुद्दा फिर्ता दिन कानूनद्वारा अनुमति

प्राप्त पर्सा जिल्ला अदालतले उक्त मुद्दाको अभियोग राजनैतीकसँग आवद्धता भएको भनी निष्कर्ष निकाल्दै फिर्ता दिन अनुमति दिएको र फिर्ता नै भैसकेको अवस्थामा प्रस्तुत निवेदन निरर्थक देखिने ।
इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

१९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०६३-WO-१२३२, उत्प्रेषण समेत, *मनोजकुमार यादव वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौँ समेत*

शिक्षा नियमावली, २०५९ को नियम ९९(३) मा भएको कानूनी व्यवस्थालाई उल्लंघन Breach by pass गरी गरेको रिट निवेदकको सरुवाले कानूनी वैधता प्राप्त गर्न नसक्ने भएकोले भएको सरुवा रद्द गर्ने गरी भएका विपक्षीहरूका कामकारवाही बदर गरिपाऊँ भन्ने प्रस्तुत रिट निवेदन कानूनी आधारहीन हुँदा खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल असोज २६ रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको रिट नं. ०६३-WO-१२३३, उत्प्रेषण मिश्रित परमादेश, *रामनारायण चौधरी वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-०७०४, उत्प्रेषण समेत, *चिनियालाल तुलाधर वि. आशानारायण महर्जन समेत*

रिट निवेदकले आफ्नो हकमा हनन् भएको भए तत्कालै त्यसको वदरको लागि आउनुपर्नेमा अझै १ वर्षसम्म चूप लागी तत्पश्चात्मात्र अदालत प्रवेश गरेको देखिन्छ । अनावश्यक विलम्ब गरी आएको कुरालाई विश्वास गर्न सकिने मनाशिव आधार नहुने र अर्काको हकमा प्रतिकूल असर पर्न जाने भएबाट रिट क्षेत्रमा त्यसलाई अवलम्बन गरिएको हो । प्रस्तुत मुद्दामा रिट निवेदक आफूलाई प्रतिकूल असर परेको भनी अन्तिम आदेश भएको झण्डै १ वर्ष पश्चात्मात्र रिट क्षेत्रमा प्रवेश गरेको देखिनाले बिलम्बको सिद्धान्तको आधारमा प्रथमदृष्टिमा नै निवेदन दावी खारेज हुने ।
इजलास अधिकृतः नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

२१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-११०६, उत्प्रेषणयुक्त परमादेश, *प्रमोदप्रसाद चौधरी वि.सशस्त्र प्रहरी बल प्रधान कार्यालय समेत*

बोलपत्र पेश गरिसकेपछि बोलपत्र मूल्याङ्कन गर्ने क्रममा बोलपत्र आह्वानकर्ता र बोलपत्र पेश गर्नेहरू बीच दररेट समेत Negotiation गर्ने क्रममा Give & Take हुँदा आफैले Quote गरेको दररेट घटाउने मान्य प्रचलन हो । तर आफूले पेश गरेको बोलपत्र पहिला नै आफूले Quote गरेको दर बढी भयो त्यसैले धरौटी रकम फिर्ता पाऊँ भन्ने माग बोलपत्र र बोलपत्र मूल्याङ्कनसम्बन्धी मान्य प्रचलन Usage र Practice विपरीत देखिने ।
इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

२२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-०६९५, उत्प्रेषण समेत, *डोण्डीराज कार्की वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

निवेदक डोण्डीराज कार्कीलाई सेवाबाट अवकाश दिएको विपक्षीहरूको कार्यले संविधान वा कानूनप्रदत्त हकमा आघात पुगेको भए समयमै

अदालतमा न्यायको खोजीमा आउनुपर्ने हुन्थ्यो, तर अवकाश दिएको झण्डै दुई वर्षसम्म चुप बसी तत्पश्चात् दायर गरेको प्रस्तुत रिट निवेदन विलम्बका सिद्धान्तका आधारमा प्रारम्भिक रुपमै खारेज हुने ।

इजलास अधिकृतः नारायण रेग्मी

इति संवत् २०६६ साल भदौ ८ गते रोज २ शुभम् ।

२३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-१०३०, परमादेश, *रुद्रबहादुर हुमागाई वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*

दुई पक्षबीच भएको करार सम्झौताको पालना गर्ने विषयमा रिट क्षेत्रबाट बोल्न नमिल्ने र सम्झौताको पालना नभए वा विपरीत कार्य गरेमा कानूनबमोजिम पाउने उपचारको बाटो अवलम्बन गर्नसक्ने निवेदकको हक सुरक्षित नै रहेको हुँदा असाधारण अधिकारक्षेत्र अंगाली दायर गरेको रिट निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

२४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-००७७, अंश, *अनन्तराम लोनिया वि. राकेश लोनिया समेत*

२० वर्ष पहिला छुट्टि भिन्न भैसकेको कुरा स्वीकार गरेको अवस्थामा अंशवण्डाको ३० नं. बमोजिम व्यवहारबाट छुट्टिभिन्न भई आ-आफ्नो गरी खाई आएको देखिएको हुँदा हाल आएर अंश पाऊँ भन्न प्रमाण ऐन, २०३१ को दफा ३४ ले वादी विवन्धित हुने देखिन्छ । यसबाट वादी प्रतिवादीहरू धेरै पहिला छुट्टिभिन्न भै आफ्नो-आफ्नो खति उपति गरी आएको प्रमाणित हुँदा अंश पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायण रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल कात्तिक ११ रोज ४ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं. ८३४६, निषेधाज्ञायुक्त परमादेश, *पुण्यदेवी ओझा वि. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय कर्सिया समेत*

राष्ट्रिय वाणिज्य बैंकले तुलसी ओझाले ऋण लिँदा राखेको धितो कच्चा तथा अपुग भएको कारण निज तुलसी ओझाको आमाको नाममा रहेको सम्पत्ति रोक्कासम्म राखेको देखिन्छ । आमाको नाममा रहेको सम्पत्तिमा निज तुलसी ओझाको अंश हक नलाग्ने भन्न मिलेन । निज तुलसी समेतको अंश हक लाग्ने जग्गा बैंकले रोक्का राखेको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको रिट नं. ०१४३, उत्प्रेषण, *शम्भुलाल श्रेष्ठ वि. सरीता श्रेष्ठ समेत*

अदालतबाट भएको फैसलाउपर कानूनबमोजिम पुनरावेदन परी वा अन्य तरिकाबाट माथिल्लो तहमा विचाराधीन नभै अन्तिम रहेको स्थितिमा त्यस्तो फैसला कार्यान्वयन रोक्का राख्न सक्ने कानूनी व्यवस्था भएको नपाइने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ८७२७, लिखत दर्ता बदर, *कौशिल्यादेवी क्षेत्री वि. कैलाशपति क्षेत्रीनी*

२०५५ सालको अंश नामसारी मुद्दामा सो मुद्दाका वादी शिवनाथ सिँहलाई भाइ र अंशियार स्वीकार नगरेको, अघि नै अलग-अलग बसी आएको, बण्डा गर्ने पैतृक सम्पत्ति नै नभएको भनी प्रतिवाद गरेको अवस्थामा यस मुद्दामा आएर मेरो

सगोलको भाइ शिवनाथले बिक्री गरेको सम्पत्तिको लिखत बदर गरिपाऊँ भनी दावी गर्न विवन्धनको सिद्धान्त समेतले नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम ।

यसै लगाउका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको फौ.पु.नं. ३६४६, जालसाजी, *कौशिल्यादेवी क्षेत्री वि. कैलाशपती क्षेत्रीनी*
- २०६२ सालको दे.पु.नं. ८७२५, लिखत दर्ता बदर, *कौशिल्यादेवी क्षेत्री वि. कैलशपती क्षेत्रीनी*
- २०६२ सालको दे.पु.नं. ८७२६, लिखत दर्ता बदर, *कौशिल्यादेवी क्षेत्री वि. कैलाशपती क्षेत्रीनी*

## इजलास नं. ६

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६० सालको दे.पु.नं. ८८२२, जग्गा दर्ता, *लिलादेवी घिमिरे समेत वि. राधाकुमारी गौतम,* २०६० सालको दे.पु.नं. ८८२३, *राधाकुमारी गौतम वि. मालपोत कार्यालय कास्की समेत*

जग्गा दर्ताका लागि परेका निवेदनहरूमा के कुन आधारमा निवेदकहरूका नाउँमा दर्ता नहुने हो, निवेदनहरू कार्यालयमा विचाराधीन रहेकै अवस्थामा विवादित कि.नं. १७५ को जग्गा नेपाल सरकारका नाउँमा दर्ता भएमा विचाराधीन विषयमा त्यसले के प्रभाव पार्ने हो, मालपोत कार्यालयको निवेदन तामेलीमा राखिदिने गरी भएको २०५७।४।५ को टिप्पणी आदेशमा केही उल्लेख भएको पाइदैन । तामेलीमा राख्ने निर्णय गर्दा मालपोत कार्यालयबाट निवेदकहरूलाई बुझ्नेसम्मको कार्य अवलम्वन गरेको समेत पाइदैन, जुन प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल रहेको देखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- २०६० सालको दे.पु.नं. ८८२५, ८८२६ र ९२४४, निर्णय बदर, *राधाकुमारी गौतम वि. मन्त्रिपरिषद् सचिवालय काठमाडौं समेत, लिलादेवी घिमिरे वि. राधाकुमारी गौतम, मालपोत कार्यालय कास्की वि. राधाकुमारी गौतम*
- २०६० सालको दे.पु.नं. ८८२४ र ९२४३, निर्णय दर्ता बदर, *लक्ष्मीप्रसाद ढकाल वि. मन्त्रिपरिषद् सचिवालय समेत, मालपोत कार्यालय कास्की वि. लिलादेवी घिमिरे*

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको स.फौ.पु.नं. ३५५५, कर्तव्य ज्यान, *रमेश गौतम समेत वि. नेपाल सरकार*

मौकामा पक्राउ परेका व्यक्तिले अनुसन्धानका क्रममा गरेको साविती वयानमा मृतकले पहिला घटाएको घटनाको सम्बन्धमा छलफल गर्न गा.वि.स. भवनमा आउन बोलावटसम्म गरेको अवस्थाबाहेक अन्य प्रतिवादी तथा जाहेरवालाले यी पुनरावेदकहरू समेतको संलग्नता थियो भनी र लेखाउन सकेको अवस्था देखिएन । प्रहरीमा पोल गर्ने मौकामा पक्राउ परेका व्यक्तिको पोललाई समर्थन गर्ने सो पोलबाहेक अन्य कुनै ठोस र शंकारहित प्रमाणको विद्यमानताको अभावमा त्यस्तो पोलको आधारमा मात्र कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर भवानी ढुंगाना

इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. ३५१७, जवर्जस्ती करणी उद्योग, *दीपककुमार पन्थ वि. नेपाल सरकार,*

कुनै कारण परेर मात्र पीडित जाहेरवालीले प्रतिवादी माथि आरोप लगाएकी होलिन भन्ने कुराको अनुमानतर्फ उन्मूख हुने अवस्था भए पनि प्रस्तुत मुद्दामा अभियोजन पक्ष अर्थात वादीतर्फबाट कुनै शंकारहित प्रमाण विश्वसनीयतवरले (Beyond Reasonable Doubt) अदालत समक्ष प्रस्तुत हुन नसकेकोले शंका र अनुमानको भरमा मात्र प्रतिवादीलाई आरोपित कसूर गरेको भनी गडाउ गर्न मुनासिब नहुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८८४८, मिलापत्र दर्ता बदर हक कायम, *चन्द्रबहादुर कुर्मी वि. बद्रीप्रसाद कुर्मी समेत,* २०६० सालको दे.पु.न.९४३८, *प्रेमबहादुर कुर्मी समेत वि. चन्द्रबहादुर कुर्मी*

एकै बाबुका दुई भाई छोरामा बाबुको मृत्युपछि आधा-आधा हक कायम हुने देखिएपछि वादीले आफ्नो हक जतिमा मात्र दावि लिएको कानूनसम्मत नै देखिने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दु.फौ.पु.नं. ३१६२, कीर्ते जालसाजी, *सुनीतादेवी कुर्मिनी समेत वि. प्रेमबहादुर कुर्मी समेत*

अदालतमा चलेको मुद्दालाई कीर्ते जालसाजीको संज्ञा दिनु न्यायसंगत हुँदैन । न्यायिक निरोपण गर्ने न्यायिक निकायमा न्यायको याचनाका लागि परेको मुद्दालाई पुनरावेदकले भन्ने जस्तो कीर्ते जालसाजी भन्न मिल्दैन । त्यस्तो मुद्दामा अदालतबाट कानूनबमोजिम नै फैसला हुने हुँदा वादीहरूले भने जस्तो विपक्षीहरूबीच अदालतमा मुद्दा पर्दैमा या सो मुद्दामा अदालतबाट बुझ्नु पर्ने आवश्यक प्रमाण बुझिदैमा जालसाजी नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दु.फौ.पु.नं. ३१५८, कीर्ते जालसाजी, *सुनीतादेवी कुर्मिनी समेत वि. योगेन्द्रप्रसाद कुर्मी समेत*

न्यायिक निरोपण गर्ने न्यायिक निकायमा न्यायको याचनाका लागि परेको मुद्दालाई पुनरावेदकले भन्ने जस्तो जालसाजी भन्न मिल्दैन । त्यस्तो मुद्दामा अदालतबाट कानूनबमोजिम नै फैसला हुने हुँदा वादीहरूले भने जस्तो विपक्षीहरू बीच अदालतमा मुद्दा पर्दैमा वा सो मुद्दामा अदालतबाट बुझ्नु पर्ने आवश्यक प्रमाण बुझिदैमा जालसाजी हुने होइन । तसर्थ प्रतिवादीहरूले कीर्ते जालसाजी गरेको भन्ने तथ्ययुक्त ठोस सबूद प्रमाणको अभावमा दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दु.फौ.पु.नं. ३४७५, जालसाजी, *प्रेमबहादुर कुर्मी समेत वि. पिंगलप्रसाद कुर्मी समेत*

स्थानीय स्तरमा कानूनबमोजिम सिफारिशसमेतका कार्य गर्ने स्थानीय निकायका सचिवले आफूले पूरा गर्नुपर्ने तोकिएको कानूनी कर्तव्य पूरा गर्ने क्रममा सार्वजनिक सूचनासमेत प्रकाशित गरी कानूनी प्रक्रिया पूरा गरिदिएको अवस्था देखिँदा त्यस्तो सिफारिशलाई जालसाजी भनी अर्थ गर्न मिल्ने कुनै तथ्ययुक्त ठोस सबूद प्रमाणको अभावमा जालसाजी ठहराउने स्थिति नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दु.फौ.पु.नं. ३१६१, कीर्ते जालसाजी, *चन्द्रबहादुर कुर्मी वि. प्रेमबहादुर कुर्मी समेत*

लिखत गर्दाका अवस्थामा निजको शारीरिक अवस्था पुनरावेदक वादीले नै भनेबमोजिम थियो भनी बकसपत्र लिखत लिनेदिने कार्य सरकारी अड्डा मालपोत कार्यालयको अड्डा प्रमुखका अगाडि भएको हुँदा त्यस्तो लिखतलाई कीर्ते जालसाजीबाट भए गरेको भनी संज्ञा दिनु कानूनसंगत नहुने ।

इजलास अधिकृत: श्रीप्रसाद संजेल

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्नवमोजिमको मुद्दाहरुमा यसैअनुरूप निर्णय भएको छ:

- २०५९ सालको फौ.पु.नं. ३१५९, कीर्ते जालसाजी, *सुनीतादेवी कुर्मिनी समेत वि. प्रेमबहादुर कुर्मी समेत*
- २०५९ सालको दु.फौ.पु.नं. ३१६०, कीर्ते जालसाजी, *चन्द्रबहादुर कुर्मी वि. योगेन्द्रप्रसाद कुर्मी समेत*

१०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दु.फौ.पु.नं. ३१५७ र ३४७४, नाता बदर, *सुनीतादेवी कुर्मिन वि.बद्रीप्रसाद कुर्मी समेत, प्रेमबहादुर कुर्मी समेत वि. सुनीतादेवी कुर्मिन*

मुद्दा परिसकेपछि मात्र आफ्ना लिखत कागजातहरूमा संशोधनको शुरु गरेको देखिन्छ । आफ्ना बाबु बाजेको नाम जान्ने बुझ्ने र व्यवहारबाट पाको भएपछि गरेका लिखत कागजहरूका आधारमा प्रतिवादी बद्रीप्रसाद कामताप्रसादकै छोरा र प्रेमबहादुर, योगेन्द्र र महेन्द्र बद्रीप्रसादका छोराहरू रहे भएको देखिन्छ । यसरी बद्रीप्रसाद कामताप्रसादको छोरा कायम भएपछि निजको बहिनी सुमित्रा पनि कामताप्रसादको छोरी भन्ने कुरामा द्विविधा नरहने ।

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०५३ सालको दे.पु.नं. ८८४९, मिलापत्र दर्ता बदर हक कायम, *सुनीतादेवी कुर्मिन वि. बद्रीप्रसाद कुर्मी समेत,* २०६० सालको दे.पु.नं. ९४३९, *प्रेमबहादुर कुर्मी समेत वि. सुनीतादेवी कुर्मिन*
- २०५० सालको दे.पु.नं. ९४१२, अपुताली हक कायम मिलापत्र दर्ता बदर, *सुमित्रादेवी कुर्मिनी वि. प्रेमबहादुर कुर्मी समेत*

११.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८५९९, मिलापत्र बदर, *अख्तर अली अन्सारी वि. अकवर अली अन्सारी,* २०६५ सालको दे.पु.नं. ०३७३, *सकिला बानो अन्सारी वि. अकवर अली अन्सारी*

प्रत्यर्थी वादीले यी पुनरावेदक प्रतिवादीहरूका उपरमा मिति २०५८।१०।१० मा अंश मुद्दा दायर गरी सकेपछि सो मुद्दालाई प्रभावित पार्न यी पुनरावेदक सकिला बानो अन्सारी समेतले यी अख्तर अलीलाई विपक्षी बनाई मिति २०५८।१०।१४ मा अंश मुद्दा दायर गरेको देखिएको र उक्त अंश मुद्दामा यी पुनरावेदक अख्तर अलीका नाउँ दर्ताको जग्गा सकिला बनो अन्सारी र मुख्तर अलीका नाउँमा संयुक्त दर्ता हुने गरी अंश लिई दिई मिति २०५८।११।१५ मा मिलापत्र भए गरेको देखिएबाट प्रत्यर्थी वादीको अंश हकमा असर पर्ने गरी यी पुनरावेदक अख्तर अली र सकिला बानो समेतको बीचमा भएको मिति २०५८।११।१५ को मिलापत्र बदर हुने रहनेछ भनी भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: वासुदेव पौडेल

इति संवत् २०६६ साल बैशाख २३ रोज २ शुभम् ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ८५९७, ८५९८, अंश, *अख्तर अली अन्सारी वि. अकवर अली अन्सारी, सकिला बानो अन्सारी*

*वि.अकवर अली अन्सारी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**इजलास नं. ७**

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको दे.पु.नं. ८९८७, रोक्का जग्गा फुकुवा गरिपाऊँ, *रामधारीप्रसाद शाह वि. मोहनदेवी सन्यासी*

वादी मोहनदेवीले मिति २०४४।३।२२ मा गरेको रु. ६,५००।- को लिखत घरसारको लिखत भएको देखिएकोले सो घरसारको लिखतबाट व्यक्ति विशेषको हक सम्पत्ति हस्तान्तरण हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ७०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामकुमार चौधरी कलवार समेत,* २०६४ सालको सा.नं. ००९५, *नेपाल सरकार वि. रामकुमार चौधरी कलवार समेत*

प्रतिवादीमध्येका रामकुमार चौधरी र नथुनी चौधरीले मृतक मितुदेवीको हत्या गरेको भन्ने आरोप निजहरूको साविती बयान छोरी मनिषाले घटनाको तत्कालपछि व्यक्त गरेको निजको कथन, घटनास्थलबाट बरामददशी समेतका स्वतन्त्र तथ्यपूर्ण एवं प्रत्यक्ष प्रमाणहरूबाट समर्थित भएको देखिँदा मृतकलाई कर्तव्य गरी मारेको कसूरमा निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार जन्मकैदको सजाय हुने ।

अ.वं. १८८ नं. मा भवितव्य हो कि भन्न हुने सम्मको शंकाले वा अपराध गर्दाको अवस्था र परिस्थिति विचार गर्दा कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने न्यायकर्ताको विवेकले देखिएमा उक्त अ.वं. १८८ नं. बमोजिम घटी सजाय गर्न मनासिव र युक्तिसंगत हुन्छ । तर, घटनाको कारण अवस्था भवितव्यजन्य नदेखिएको र निज प्रतिवादीहरूको मनसाय, ज्यान मार्ने तरीका तथा ज्यान मारिसकेपछि लाशलाई दवाई आफ्नो कसूरलाई समेत लुकाउने गरिएको निजहरूको प्रयास समेतबाट निजहरूले न्यायसम्पादनमा सहयोग गरेको नभई जटिलता र अन्योल थप्ने प्रयास गरेको देखिँदा निजहरूलाई घटी सजाय गर्न युक्तिसंगत एवं विवेकसम्मत नहुने हुँदा अ.वं. १८८ नं. बमोजिम सजाय घटाउने गरी जाहेर गरेको राय मनासिव एवं कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

इति संवत् २०६६ साल असार ७ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०९४७, बेलगती मोही लगत कट्टा, *सर्वानन्द राउत अहिर वि. ब्रह्मानन्दप्रसाद यादव समेत*

जोताहाको अस्थायी निस्सा भनेको मोहीको प्रमाणपत्र प्राप्त गरेसरहको अवस्थालाई इङ्गित गर्दछ । यस्तोमा मोहियानीको स्थायी प्रमाणपत्र पाएको छैन भनी मोही भएको तथ्यलाई अस्वीकार गर्न मिल्दैन । फिल्डबुकमा नाम लेखिएको मात्र कारण आधारमा जोताहाको अस्थायी निस्सा पाउन नसक्ने हुँदा मोहीको १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएपछि मात्र जोताहाको अस्थायी निस्सा दिने भूमिसम्बन्धी नियमको व्यवस्था रहेकोले यस्तो जोताहाको अस्थायी निस्सा प्राप्त मोहीलाई वेलगती भन्न नमिल्ने ।

इजलास अधिकृतः लिलाराज अधिकारी

इति संवत् २०६६ साल साउन १६ गते रोज ६ शुभम् ।

- यस्तै प्रकृतिको २०६५ सालको दे.पु.नं. ०९४६, बेलगती मोही कट्टा, *सर्वानन्द राउत अहिर वि. रामरतन प्रसाद यादव समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०२३३, ०४७६, कर्तव्य

ज्यान, *केदारकुमार रायमाझी वि. नेपाल सरकार, सुरज खड्का वि. नेपाल सरकार*

घटना हुँदाको अवस्था यी प्रतिवादीहरूले सो लुगा लगाएको र घटना पछि लुगाको रगत मृतकको रक्त समूह (Blood Group) सँग समान रही मिलेको देखिएकोमा सो रक्त अन्य व्यक्तिको वा आफ्नै रगत हो भनी युक्तिसँगत र तथ्यसंगत जिकीर यी प्रतिवादीहरूले दिन नसकेको अवस्थामा कसूरमा निजको साविती बयानको परिप्रेक्ष्यमा सो रगत मृतककै रगत हो भन्ने देखिने र निजको सो साविती (Confession) समर्थित भएको मान्नुपर्ने ।

अन्यथा प्रमाणित भएकोमा बाहेक प्रतिवादीहरूले घटना हुँदाको बखत लगाएको लुगामा लागेको रगत मृतकको रक्त समूहसँग मिलेको देखिने अवस्थामा प्रतिवादीहरूले गरेको कसूरलाई पुष्टि गर्ने एउटा सबल परिस्थितिजन्य प्रमाणको रुपमा अदालतले ग्रहण गर्नुपर्ने ।

यजलास अधिृकत : पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको रिट नं. २७१२, उत्प्रेषण परमादेश, *युगेश्वर राउत वि. जिल्ला शिक्षा कार्यालय चौतारा सिन्धुपाल्चोक समेत*

रामबाबु यादवको नियुक्ति पत्र र निजको लिखित जवाफ हेर्दा निजलाई यी निवेदकको पदस्थापन गरेको विद्यालय र पदमा गरेको नभै अन्य विद्यालयमा भएको देखिँदा जिल्ला शिक्षा अधिकारीको लिखित जवाफ तथ्यहिन देखिएकोले यस्तो अवस्थामा जिल्ला शिक्षा अधिकारीको पत्रबाट माध्यमिक तहको शिक्षक पद स्वतः नरहेको भन्ने व्यहोराबाट निवेदकको कानून प्रदत्त हकमा आघात परेकोले सो पत्र र तत्सम्बन्धी कामकारवाही उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः लिलाराज अधिकारी

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ३५२३, उत्प्रेषणयुक्त परमादेश, *चन्देश्वरप्रसाद यादव वि. मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत*

शिक्षा नियमावली, २०५९ को नियम १३१(१) को स्पष्टकीरणको देहाय (ख) बमोजिम निवेदकले नोकरीमा प्रवेश गर्दा खुलाएको शिक्षकको वैयक्तिक तथा नोकरी विवरण फाराममा उल्लिखित जन्ममिति नै निजको यकीन जन्ममिति भएको र सो फाराममा वि.सं. १९९९ साल भनी जन्ममिति लेखिएको देखिँदा सो जन्ममितिका आधारमा उमेरको हदको कारणले निवेदकलाई अवकाश दिएको निर्णयबाट निजको पेशा रोजगार गर्न पाउने हक कुण्ठित भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ८३२, निषेधाज्ञा मिश्रित परमादेश, *कर्णबहादुर कुँवर वि. नेपाल बैंक लिमिटेड खस्यौली शाखा रुपन्देही समेत*

बैंकबाट लिएको कर्जावापतको रकम भुक्तानी भएको नदेखिएको अवस्थामा सुरक्षणबापत रहेको जेथाबाट बैंकले आफ्नो लगानी असूलउपर गर्नसक्ने नै देखिन्छ । यस्तो अवस्थामा कर्जा असूलउपर नगर्नु भन्ने आदेश जारी गर्न मिल्ने नदेखिँदा निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन खारेज हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ०४५९,

निषेधाज्ञा, *चिन्तामणि श्रेष्ठ वि. चन्द्रकलादेवी के.सी.*

साविकदेखि चलन चल्तीको रुपमा रहेको निकास वा बाटोलाई कसैले पनि अनाधिकृत रुपमा कब्जा गरी बन्द गर्न समेत नमिल्नेमा नेपाल सरकारको ऐलानी जग्गा आफ्नो नाउँमा दर्ता भै हक कायम भै सकेको छ भन्ने प्रमाणविना अनाधिकृत रुपले कब्जा गरी अन्य व्यक्तिहरूको निकास समेत वन्द हुने गरी नयाँ निर्माण गर्नुलाई उचित मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको दे.पु.नं.(CI) ००६५, परमादेश, *एकदेव गैरे वि. गोपालप्रसाद अर्याल समेत*

अस्थायी प्रा.स. पदमा कार्यरत रहेको भनी निवेदकले नै रिट निवेदनमा उल्लेख गरेको देखिँदा अस्थायी कर्मचारीले स्थायी कर्मचारीसरहको सेवा सुविधा एवं नोकरीको सुरक्षा पाउन सक्ने देखिँदैन । अस्थायी नियुक्तिको प्रकृतिबाटै केही समय वा अवधिको लागि नियुक्ति हुने र त्यस्ता अस्थायी कर्मचारीलाई अवकाश दिँदा वा म्याद थप नगर्दा कानूनबमोजिमको अन्य औपचारिक कार्यविधिहरू केही अवलम्वन नगरी अधिकारप्राप्त अधिकारीले नोकरीबाट हटाउन वा म्याद थप नगर्न पाउने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६५ सालको दे.पु.नं. ००६८, परमादेश, *भग्गुप्रसाद चौधरी वि. महेन्द्र जनता निम्न माध्यमिक विद्यालय रामपुर नवलपरासी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ०२७२, परमादेश, *राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय महेन्द्रनगर समेत वि. पूर्णकला अर्याल*

सार्वजनिक हकको विषय र कानूनी दायित्वको विषयमा जारी हुने परमादेशको आदेशको सैद्धान्तिक पृष्ठभूमिलाई विचारै नगरी हचुवाका भरमा जे जस्तो अवस्थामा पनि न्यायकर्तालाई मन लागेका अवस्थामा परमादेशको आदेश जारी गर्नाले परमादेशको मूल्य एवं मान्यता र सोको सैद्धान्तिक पृष्ठभूमिसमेतलाई प्रहार गर्न सक्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ८९२६, परमादेश निषेधाज्ञा, *छत्रपति दाहाल वि. रामबहादुर राउत क्षेत्री*

२०६०।५।१ मा नक्सा पास गर्दा का.म.नं. पा. मा पेश गरेको नक्साको साईट प्लानमा पश्चिम दक्षिणतर्फ बाटोलाई छाडेको तीन फुटको जग्गाबाहेक अन्य आफ्नो निजी जग्गामा समेत बाटो घुसेको भनी बाटोको जग्गामा पर्खाल लागेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिएको अवस्थामा बाटोको जग्गामा पर्खाल समेतको नयाँ निर्माण कार्य नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ८७६९, निषेधाज्ञा, *नवीनकुमार सुनुवार वि. काठमाडौं उपत्यका नगरविकास योजना कार्यान्वयन समिति ललितपुर समेत*

निवेदक समेतले ललितपुर उपमहानगरपालिका वडा नं. १५ का वडा

अध्यक्षलाई सम्वोधन गरी वडा नं. ५ श को बीच-बीच हुँदै भेल्पा मन्दिरसम्म जाने बाटोको लागि जग्गा छाड्न हामी जग्गाधनीहरू तयार छौं भन्ने व्यहोरा लेखी प्रस्तावित योजनाको बाटो खुलाई पाऊँ भनी निवेदन समेत दिई विवादित बाटो आफ्नो समेत जग्गाबाट खुलाएमा मञ्जूरी दिएको देखिँदा एकपटक आफैले बाटो खुलाउन पहल गरी सहमति दिएको कुरामा हाल आएर जवर्जस्ती बाटो खोल्न लागे भन्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको दे.पु.नं. ००६७, परमादेश, *सोमल थनैत वि. मालपोत कार्यालय नवलपरासी समेत*

मालपोत कार्यालयबाट भएको आदेशबमोजिम सम्बन्धित जिल्ला अदालतमा हक बेहकतर्फ मुद्दा दायर गर्ने र पुनरावेदन गर्न सक्ने वैकल्पिक उपचारको मार्ग रहे भएको अवस्थामा सो मार्ग अवलम्वन नगरी जीवित रहेको मालपोत कार्यालयको आदेशको प्रतिकूल हुने माग दावी लिई परेको रिटमा मागबमोजिम परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

१०.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर वम,** २०६० सालको दे.पु.नं. ९४१९, ट्रायल चेक, *उमाशंकर मण्डल वि. रामपुकार मण्डल*

ससीम खरीद गरेको जग्गामा खरीदकर्ताको हक हटक हुने गरी हकै नभएको व्यक्तिको नाममा ट्रायल चेकबाट बढ भएको जग्गा दर्ता गर्ने गरी भएको निर्णय उल्टी हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २७८९, उत्प्रेषण, *धनदास महर्जन समेत वि. मन्त्रिपरिषद् कार्यालय समेत*

हालको नापीभन्दा पूर्वको अवस्थामा राखी पाउन निवेदकको के कति हक छ वा छैन भन्ने कुराको निर्धारण तथ्य प्रमाणहरूको मूल्याङ्कन गरेर मात्र हुन सक्छ । रिट क्षेत्रबाट सामान्य क्षेत्राधिकारअन्तर्गत कारवाही हुने मुद्दामा जस्तो तथ्य सबुद प्रमाण बुझी विवादास्पद विषयमा निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असोज २२ रोज ५ शुभम् ।

१२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको रिट नं. २९५०, उत्प्रेषण परमादेश, *सुमन गौतम वि. शिक्षा तथा खेलकुद मन्त्रालय काठमाडौं समेत*

विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परीक्षदको कुन निर्णय कुन कानूनको वर्खिलाप भै निवेदकलाई भेदभावपूर्ण व्यवहार गरी निवेदकको हकमा हस्तक्षेप गरेको हो भन्ने कुरा निवेदकले देखाउन सकेको छैन । प्रचलित कानूनको अधीनमा रही अपनाउनु पर्ने प्रक्रिया पूरा गरिरहेको अवस्थामा भेदभावपूर्ण व्यवहार गरेको भन्ने देखिएमा रिट क्षेत्र आकर्षित हुन सक्ने हुन्छ । भेदभावपूर्ण व्यवहार गरेको नदेखिएको अवस्थामा रिट जारी हुन नसक्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असोज २१ राजे ४ शुभम् ।

१३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको रिट नं. ०२२, उत्प्रेषण समेत, *विद्यापति कण्ठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई मिति २०६५।२।२ को पत्रद्वारा नारायणी उपक्षेत्रीय अस्पताल बीरगंजबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा हाजिर हुन आउनु भनी उल्लेख भएको पत्रमा त्यस्तो आदेश गर्न पाउने स्पष्ट कानूनी अधिकार, हाजिर गराउनुपर्ने कारण, हाजिर गराउने अवधि, निजको सो अवधिमा तलब, भत्ता, सुविधासम्बन्धी कुराहरू बारे कुनै उल्लेख नगरी हचुवा रुपमा निवेदकलाई हाजिर गराई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(५) को कानूनी व्यवस्थाको विपरीत काम गरेको देखिएकोले सो पत्रबमोजिम निवेदकलाई मन्त्रालयमा हाजिर गराएको कार्य समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बिमल पौडेल

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३५५८, उत्प्रेषण परमादेश, *सोमप्रसाद भट्ट समेत वि. शिक्षक सेवा आयोग भक्तपुर समेत*

आधार र प्रमाण विना कानून व्यवसायीको जिकीरकै भरमा निवेदकहरूले तालिम लिएका होलान् भनी अनुमान गरी सोही अनुमानको भरमा तालिमबापतको अङ्क दिनु भनी आदेश गर्न नमिल्ने ।

निवेदकहरूले यो-यो आधार कारणबाट विवादित बढुवा त्रुटिपूर्ण छ भनी स्पष्ट आधार र कारणसहित रिट दायर नगरी आफूहरूको बढुवा नभएकै कारणले मात्र दायर भएको रिट निवेदनबाट मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

१५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ३४१६, उत्प्रेषण, *मोहन साशंकर वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्यको योगदान रहेको कानूनी वा सार्वजनिक संस्थाले दिने शिक्षा वा अन्य सेवाहरू सर्वसुलभ हुनुपर्नेमा जातअनुसार छुट्टाछुट्टै शिक्षालय वा सेवा केन्द्र खडा गर्नुपर्ने भन्ने सोच स्वयंले सेवामा पहुँचलाई निषेधित गरी भेदभावलाई बढवा दिने र अन्ततः सामाजिक एकीकरणको सट्टा विखण्डीकरणलाई प्रश्रय दिने हुँदा विपक्षी पशुपति क्षेत्र विकास कोषबाट सञ्चालन अभिभारा लिएको विद्याश्रम जस्तो पवित्र शैक्षिक संस्थालाई त्यस्तो गलत र भेदभावपूर्ण कुराको माध्यम वा केन्द्र बनाउन नमिल्ने हुनाले नेपाल वेद विद्याश्रमबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूमा जातजातिको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भनी विपक्षी पशुपति क्षेत्र विकास कोष तथा नेपाल वेद विद्याश्रमको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विमल पौडेल

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

१६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. २८२६, उत्प्रेषणयुक्त परमादेश, *धनसिँह रैखोला वि. शिक्षक सेवा आयोग भक्तपुर समेत*

काजमा खटिएका विपक्षीहरूले जिल्ला शिक्षा कार्यालयमा भरी पेश गरेको कार्यसम्पादन मूल्याङ्कन फारामले मान्यता नपाउने भन्न मिल्दैन । सोबमोजिम मूल्याङ्कन भएको कार्य सम्पादन मूल्याङ्कन फाराम समेतको अङ्क गणना गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई बढुवा गरिएको र निवेदकको कूल प्राप्ताङ्क बढुवा हुनेको भन्दा कम भई निजको बढुवा हुन नसकेको भन्ने लिखित जवाफ समेतबाट देखिएकोले सो कार्यबाट संवैधानिक हक अधिकार हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

१७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०२२६, उत्प्रेषण परमादेश, *महेश्वरीदेवी जोशी समेत वि. केशवदत्त जोशी समेत*

कुनै विवादको विषयमा एकपटक अन्तिम निर्णय भइसकेपछि पुनः त्यसै विषयमा थप मुद्दाहरू लिने तथा निर्णय गर्न मिल्ने हुँदैन । प्रस्तुत विवादको विषयमा निवेदकका पति/पिताले एकपटक मुद्दा हारी निर्णय भइसकेपछि पुनः सोही विषयमा मुद्दा हार्ने पक्षका सन्तानले मुद्दा गर्दै जाने हो भने विवादको अन्त्य कहिल्यै पनि हुन सक्दैन । यसरी मुद्दा लिदै र निर्णय गर्दै जाने प्रक्रिया फैसला अन्तिमताको सिद्धान्तको विपरीत हुने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

इति संवत् २०६६ साल असोज १८ रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रिट नं. ०१५९, उत्प्रेषणयुक्त परमादेश, *दामोदरलाल श्रेष्ठ वि. ईश्वरी श्रेष्ठ समेत*

जो-जो बीच नाताको प्रश्न उठेको हो सोही विषयमा केन्द्रित नगरी असम्बद्ध प्रमाण बुझ्न अन्य-अन्य व्यक्तिको डि.एन.ए. परीक्षण गरी पाउन माग गर्नु विवादभन्दा बाहिर कानूनको प्रक्रिया विस्तार गर्न खोजेको देखिने हुनाले त्यस्तो जिकीर न्यायको रोहमा स्वीकार्य देखिन नआउने ।

इजलास अधिकृतः भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६४ सालको रिट नं. WO-०१३८, उत्प्रेषणयुक्त परमादेश, *दामोदरलाल श्रेष्ठ वि. ईश्वरी श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको सा.नं.RC-०२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तुल्सी हरिजन*

प्रतिवादीले अदालतमा बयान गर्दा गडासीले हानी मृतकलाई म एक्लैले मारेको हुँ भनी बयान गरेको र गडासी समेत घटनास्थलबाट बरामद भएको मिसिल संलग्न कागजातबाट देखिँदा यी प्रतिवादीले जडावती हरिजनलाई मार्ने मनसायले आफू काम गर्ने ठाउँबाट गडासी समेत साथमा लिई आई मृतकको गर्दनमा समेत हानी घटनास्थलमा नै जडावतीको मृत्यु भएको देखिँदा अपराधका तत्वहरू आपराधिक मनसाय र आपराधिक कार्य समेत भए गरेको देखिदा सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

२०.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. १२७, उत्प्रेषण समेत, *मनराम सुवेदी वि. सावित्री दंगाल समेत*

एक भाग अंश पाउने गरी शुरु ललितपुर जिल्ला अदालतले फैसला गरेको र सो फैसला उपर पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट समेत फैसला सदर भएको समेत देखिँदा मनरामले एक भाग अंश पाउने निजको हक विवादरहित रहेको देखिन्छ । त्यसको अतिरिक्त निजले आफ्नी आमा नानीमैया सुवेदीको शेषपछिको बकसपत्र प्राप्त गरेको कुरा सर्वोच्च अदालतको मिति २०६०।९।२१ को फैसलाले स्वीकार गरेको र त्यसै रोहमा अंशियार हो भनी बोलेको अवस्थामा मनरामले शेषपछिको बकसपत्र पाएको कुरा अनदेखा गरी वा निजले वादी भै दिएको मुद्दामा समेत अंशियार स्वीकार गरी अंश पाउने ठहरी भइरहेको तथ्यको अनदेखा गरी अंशको हक इन्कार गर्न मिल्ने अवस्था अंशवण्डाको महलको १, २ नं. अनुकूल नदेखिने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

२१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ४८८, उत्प्रेषण समेत, *देवकी पुडासैनी समेत वि. पुनरावेदन अदालत पाटन समेत*

तायदाती माग्ने आदेश बदर गरी पुनः तायदाती फाँटवारी बुझी कानूनबमोजिम गर्नु भन्ने आदेशले निवेदकको संवैधानिक एवं प्रभावकारी उपचार नभएको कुनै कानूनी हकको हनन् गरेको नदेखिँदा केवल हक हनन् गर्न सक्छ भन्ने अनुमान गरी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विमल पौडेल

इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

**इजलास नं. ९**

**१.**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको फौ.पु.नं. ०७९७, चोरी, *दीपक अधिकारी वि. नेपाल सरकार*

चिन्दै नचिनेको मानिसको मोटरसाइकल त्यो पनि निजको मञ्जूरीविना चावी नै नभएको अवस्थामा सुइच प्लक खुस्काई लगेको कार्यलाई चोरी गरेर लगेको होइन रहेछ भन्न नसकिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५-CR-००९५, जवर्जस्ती करणी, *सन्तोषकुमार कानु वि. नेपाल सरकार*

पीडित ४ वर्षकी बालिकालाई प्रतिवादीले योनीमा आफ्नो लिंगद्वारा धक्का दिई लिंग केही प्रवेश गरेको र योनीबाट रगत समेत बगेको भन्ने शारीरिक परीक्षणबाट देखिएको, योनी सुन्निएको वाहिरी भाग Libia Majora मात्र होइन भित्री भाग समेतमा चोट लागेको पुष्टि भएको देखिँदा प्रतिवादीले अभियोग दावीबमोजिम जवर्जस्ती करणी गरेको देखिन आउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४-CI-००८४, अंश दर्ता समेत, *लालकृष्ण श्रेष्ठ वि. दयाराम श्रेष्ठ,* २०६४-CI-०५९८, *दयाराम श्रेष्ठ वि. सुकुलमाया श्रेष्ठ समेत*

पुनरावेदक वादीले राजश्व बढी लाग्ने भएको तथा जग्गाहरूको हकवालाले हक निखन्न सक्ने हुनाले मात्र हालैको वकसपत्रको व्यहोरा पारेको भए तापनि सो जग्गा मूल्य तिरेर खरीद गरेको हो भन्ने समेत जिकीर लिएकोमा तत्सम्बन्धी कानूनी आधार उल्लेख गर्न नसकेको र पुनरावेदक वादीको भनाईलाई मान्ने नै हो भने पनि जग्गा खरीद गरेवापत कानूनबमोजिम सरकारलाई तिर्नु बुझाउनु पर्ने राजश्व नबुझाई नागरिक कर्तव्यको परिपालना नगरेको अवस्थामा अभिव्यक्त जिकीरको कुनै अर्थ नरहने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल साउन २८ रोज ४ शुभम् ।

- यसै लगाउको २०६४-CI-००८३ को लिखत दर्ता बदर, *लालकृष्ण श्रेष्ठ वि. दयाराम श्रेष्ठ समेत* भएको मुद्दामा पनि यसैअनुरूप फैसला भएको छ ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ८३९३, अवण्डा जग्गा वण्डा दर्ता, *रामवुजन साह तेली वि. रामेश्वर साह समेत*

वादी प्रतिवादीबीच जग्गा अवण्डा रहेकै स्थितिमा कि.नं. ७३ को ०-३-१८ जग्गामध्ये सार्वजनिक बाटोमा ०-०-३-१२.१/२ जग्गा परेको अवस्था हुँदा यथार्थमा उक्त कि.नं. ७३ को जग्गामध्ये ०-३-११-१३ जग्गा मात्र बाँकी भै सोही जग्गामध्येबाट सडकमा परेको जग्गा कट्टा गरी बाँकी जग्गाबाट बण्डा छुट्याई लिन पाउने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल साउन २८ रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको फौ.पु.नं. ०३६६, सवारी ज्यान, *बालकृष्ण पौडेल वि. नेपाल सरकार*

कानूनले नै स्पष्ट रुपमा क्षतिपूर्तिवापतको रकम भराइदिने दायित्व एवं अधिकार प्रमुख जिल्ला अधिकारीलाई तोकिदिएको देखिँदादेखिँदै त्यसतर्फ ध्यान नै नदिई कानूनले क्षेत्राधिकार प्रदान नगरेको निकाय जिल्ला अदालतमा मुद्दा दायर गरेको र जिल्ला अदालतबाट पनि आफूले क्षेत्राधिकार ग्रहण गरी कारवाही र किनारा गर्न कानूनतः नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९४४१, खिचोलासमेत, *रामकुमार अर्याल वि. सरिता शर्मा*

तथ्य प्रमाणको समुचित मूल्याङ्कन नगरी बुझ्नु पर्ने प्रमाण नबुझी गरेको हचुवा किसिमको निर्णय हुँदा सो निर्णय बदर गरी पुनः इन्साफ गर्न भनी पुनरावेदन अदालतमा पठाइएकोमा पुनरावेदन अदालतबाट पुनः फैसला हुँदा समेत कि.नं. ३२१, ३२७ का जग्गा गुठीमा दर्ताको लागि कारवाही चलेको जग्गामा तिरो तिरेको रसीद पेश भइरहेको, गुठीलाई नबुझिएको, निवेदकले विवादित जग्गा नक्सा पास गरी घर बनाएको छ छैन, जस्ता सर्वोच्च अदालतको फैसलाले निर्देशित गरेका सम्बद्ध प्रमाणहरू बुझेको र विवेचना एवं मूल्याङ्कन समेत गरेको नदेखिएको समेत कारणबाट पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २३ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको दे.पु.नं. ०६७०, खिचोला समेत, *रामकुमार अर्याल वि. सरिता शर्मा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८३१७, अंश दपोट, *बलराम तिवारी समेत वि. कृष्णजी शर्मा समेत*

विवादित सम्पत्ति आफ्नो स्वयं आर्जनको सम्पत्ति भएकोले बण्डापत्रमा उल्लेख नभएको र २०३३ सालको बण्डापत्रपछि २०३७ सालमा आफ्नो नाममा दर्ता हुन आएको हुँदा अव बण्डा गर्नु नपर्ने भन्ने शुरुमा प्रतिवाद गर्दा र पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्दा मुख्य जिकीर रहेकोमा सोतर्फ ठोस र बस्तुनिष्ठ सबुद प्रमाण पेश गरी आफ्नो जिकीर प्रमाणित गर्न सकेको अवस्था नदेखिँदा विवादित सम्पत्तिलाई प्रतिवादीको जिकीरको आधारमा मात्र निजी आर्जनको भन्न नसकिने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८३१८, लिखत बदर, *बलराम तिवारी समेत वि. कृष्णजी शर्मा समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ८८३५, बाँकी रकम दिलाई पाऊँ, *खेमप्रसाद खतिवडा वि. इन्द्र लोहनी*

करारसम्बन्धी विवादमा हदम्यादको समय निर्धारण गर्नु भन्दा पहिले मुद्दा गर्नु परेको कारण परेको मिति निर्धारण गर्नुपर्ने भएकोले प्रतिवादीबाट करार समाप्त गर्ने काम(Termination of Contact) भएपछि वादीले के उपचार माग गरी अदालतमा फिराद दायर गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवत् २०६६ साल असार १८ रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७६६, आयकर,

*आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ बबरमहल वि.मसकुर अहमद लारी,* २०६१ सालको फौ.पु.नं. ३७६९, *मसकुर अहमद लारी वि. आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ बबरमहल*

मजदुरसम्बन्धी ऐन, २०१६ को दफा १२ मा कामदार तथा कर्मचारीहरूको वासस्थानको लागि कूल मुनाफाको पाँच प्रतिशतमा नघट्ने गरी रकम छुट्याउनु पर्ने कानूनी व्यवस्था गरिएको र त्यस्तो छुट्याएको रकमको नियन्त्रण र उपयोग कसले गर्दछ वा गरेको छ भन्ने कुरा यस सन्दर्भमा महत्त्वपूर्ण देखिन आउँछ । यदि त्यस्तो रकम कामदार कर्मचारीको आवासको व्यवस्थाको लागि खर्च गर्न नपाउने व्यवस्था मिलाउन उक्त रकम छुट्टै खातामा राखी त्यस्तो रकमको नियन्त्रण र उपयोग कामदार र कर्मचारीहरूको आवासको व्यवस्था वा सोसम्बन्धी काममा प्रयोग भएको देखिँदैन भने त्यस्तो रकम छुट्याउनुको उद्देश्य पूरा भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिका २०६१ सालको फौ.पु.नं. ३७६४, ३७६७, आयकर, *आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ बबरमहल वि.मसकुर अहमद लारी, मसकुर अहमद लारी वि. आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ बबरमहल* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७६५ र ३७६८, आयकर, *आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १ बबरमहल वि. शरिक अहमद लारी*

खुद आय निर्धारण गर्दा कट्टा गर्न पाउने र नपाउने खर्चको बारेमा ऐनको दफा १२ तथा ४२ मा गरिएको व्यवस्थाले खूद आय निर्धारण गर्दा कट्टा गर्न पाइने र नपाइने खर्चको बारेमा धेरै कुरा स्पष्ट पारेको देखिन्छ । तर कूल आय निर्धारण गर्दा कट्टा गर्न पाइने प्रत्यक्ष खर्चको वारेमा आयकर ऐन, २०३१ लगायत अन्य प्रचलित ऐनमा कुनै व्यवस्था गरेको नपाइएकोले यस बारेमा लेखासम्बन्धी मान्य सिद्धान्त र प्रचलनलाई नै आधार मान्नु पर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३५१४, उत्प्रेषणयुक्त परमादेश, *विनयकुमार जाजोडिया वि. आन्तरिक राजश्व विभाग लाजिम्पाट समेत*

उद्योगको नियन्त्रण र स्वामित्वमा रहेको अन्तशुल्क लाग्ने विक्री नभई स्टकमा रहेको वस्तुमा परिवर्तित दरअनुसार राजश्व असूलउपर गर्ने कारवाही अन्तःशुल्क नियमावली, २०१९ को नियम १५ लगायत समग्र अन्तःशुल्क सम्बन्धित कानूनी व्यवस्थाको उद्देश्य र प्रयोजन विपरीत छ भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल भदौ २८ गते रोज १ शुभम् ।

## इजलास नं.१०

**१.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३७२७, जवर्जस्ती करणी उद्योग, *श्री ५ को सरकार वि. सञ्जयकुमार कर्ण कायस्थ*

पीडितको घाउ जाँच केश फाराम अध्ययन गर्दा पीडितको शरीरमा सामान्य चोट देखिए पनि पीडित पक्षको भनाइअनुसार सो घाउ प्रतिवादीले टोकेको तथा चिथोरेको वा यौनजन्य क्रियाको कारणबाट परेको हो भन्ने तथ्यको पुष्ट्याई हुन सकेको देखिँदैन । त्यस्तै घरै छेउमा पिशाव गर्न गएकी पीडितलाई निजको घरदेखि टाढा अर्कै वडामा घर भएका यी प्रतिवादीले जाडो महिनाको रातिको ९ बजेको समयमा निज पीडित निस्कने समय पारी ढुकी बसी करणी गर्न खोजेको

भन्ने भनाई पनि स्वाभाविक वा पत्यारलायक नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

**२.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३४४७, खयर काठ चोरी निकासी, *श्री ५ को सरकार वि. विजयकुमार श्रेष्ठ समेत*

प्रतिवादीमध्येका चालक विजयकुमार श्रेष्ठ, खलासी कुमार वलामी तथा चालक रामचन्द्र बस्नेतले जानी इजाजत प्राप्त काठभन्दा बढी काठ आ आफ्नो गाडीमा लोड गरी गराई ढुवानी गरेको भन्ने तथ्ययुक्त ठोस प्रमाण नभएको र भाडा लिई सामान ढुवानी गर्ने यिनको कामको प्रकृति नै भएको र यी प्रतिवादीहरूको अवैध वन फडानीमा संलग्नता रहेको भन्ने सबुद प्रमाणको अभावमा मिल्ने समेत नदेखिँदा कसूरदार कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

**३.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३३१२, ३३०४, ३४५९ र ००५७, लागूऔषध, *विजय शर्मा वि. रहमान अहमद मुसलमान वि. श्री ५ को सरकार, श्री ५ को सरकार वि. सरिता शर्मा, सलमान साह मुसलमान वि.श्री ५ को सरकार*

वरामदी मुचुल्का, वरामद भएको पदार्थको परीक्षण प्रतिवेदन तथा अदालतमा वकपत्र गर्ने शम्भु उपाध्यायको बकपत्रसमेतका सबुद प्रमाणहरूबाट प्रतिवादी विजय शर्मा, सलमान साह मुसलमान, रहमान अहमद मुसलमान समेतले अधिकारप्राप्त अधिकारीकासमक्ष गरेको साविती वयान निजहरूबाट वारमदी मुचुल्काबमोजिम लागूऔषध अफिम, व्राउन सुगर र चरेश तथा ढकहरू समेत वरामद भएको तथ्य समर्थित हुन आएको देखिँदा निजहरूले अभियोग माग दावीबमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को घ,ङ,च को कसूर गरेको ठहर्ने ।

इजालस अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

**४.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०००८, खिचोला मेटाई बाटो निकास कायम गराई पाऊँ, *गंगादेवी पौडेल वि. कृष्णबहादुर कुमाल समेत*

वादी दावीबमोजिमको बाटो रहेको भन्ने अन्य कुनै लिखित दस्तावेजबाट पुष्टि गर्न सकेको पाईदैन । न त कुनै लिखितबाट बाटो देखिन्छ, न नापीबाट नै बाटो कायम रहेको पाइन्छ । प्रतिवादीसँग समेत यी वादीको उक्त कि.नं. ९३८ को जग्गाबाट बाटो दिने सम्बन्धमा कुनै लिखत भएको अवस्था छैन । निजले केवल आफ्नो फिराद तथा पुनरावेदनमा बाटो भनी उल्लेख गरेबाट प्रतिवादीको दर्ताको जग्गामा परम्परादेखि बाटो छ भनी अनुमान गर्न नमिल्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल साउन २५ रोज १ शुभम ।

**५.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३१५२, आ.व २०५५।०५६ आयकर, *चूडामणी देवकोटा वि. स्वस्तिक आयल इण्डष्ट्रिज प्रा.लि बिराटनगर.*

मौज्दात रहेको समानको बजार मूल्य कति हो भन्ने कुराको आधार र प्रमाण करदाताले पेश नगरेको अवस्थामा मौज्दात रहेको सामानको अनुमानित बजार मूल्य यकीन गर्न नसकिने हुँदा लागत मूल्यको आधारमा नै मौज्दात रहेको सामानको मूल्याङ्कन गर्नुपर्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम ।

**६.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको दे.पु.नं. ९३२२,

लिखत दर्ता बदर दर्ता, *बिन्दवासिनी वि. सन्तोषप्रसाद यादव समेत*

ऐनले नै मञ्जूरी लिनु नपर्ने भनी स्पष्ट कानूनी व्यवस्था गरेकोमा त्यसको विपरीत हुने गरी नावालकहरूको अंश भागको भनी विवादित लिखत बदर गर्न नमिल्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल साउन २६ रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०५९ सालको दे.पु.नं. ९३२१, लिखत दर्ता बदर दर्ता, *बिन्दवासिनी वि. सन्तोषप्रसाद यादव समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३४०७, बहुविवाह, *श्री ५ को सरकार वि. अर्जुन सिँह थापा समेत*

जाहेरवालीकै उजूरी समेतको आधारमा अभियोग लागेको देखिएको र जाहेरवाली स्वयम्ले विवाह भएको कुरा मौकामा थाहा पाएकोमा उजूर नगरी २०५९ सालमा आएर मात्र उजूर गरेको भनी वकपत्र समेत गरेको तथ्यले २०५५।५।१ मा विवाह गरेको भन्ने प्रतिवादीहरूको वयानलाई पुष्टि गरेको र निजको लोग्ने प्रतिवादी अर्जुन सिँह थापासँग सम्बन्ध विच्छेद समेत भै सकेको सन्दर्भमा अन्य प्रमाण समेत नभएबाट वादी दावी पुष्टि हुन सक्ने अवस्था नरहने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

**८.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.वि.नं. ०००७, अदालतको अपहेलनामा कारवाही गरी पाऊँ, *श्यामबहादुर भट्टराई वि. ज्ञानेन्द्रबहादुर कार्की समेत*

अदालतको फैसलाले सिर्जना गरेको निवेदकको अधिकार सम्बन्धित निकायबाट प्रचलन गराई दिन खोज्दा निवेदक आफैले असहयोग गरेको कारण सो फैसला र आदेशको कार्यान्वयन हुन नसक्नुको दोष विपक्षीहरूमाथि जान नहुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

**९.**

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०५७ सालको फौ.पु.नं. ७३०१, अंश, *मोहम्मद रफिन खाँ समेत वि. अब्दुल खाँ*

मतदाता नामावलीबाट देखिएको नाता सम्बन्ध सर्जमिन मुचुल्का तथा साक्षीहरूको कथन र वादी दावीका सम्बन्धमा प्रतिवादीहरूमा रहेको अन्यौलग्रस्त मानसिकता समेतलाई दृष्टिगत गर्दा यी वादी अव्दुल खाँ मोहम्मद मुनिर खाँका छोरा भएको भन्ने तथ्य स्थापित हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

- यसै लगाउको २०५७ सालको फौ.पु.नं. २६११, नाता कायम कीर्ते जालसाजी, *मोहम्मद रफिन खाँ समेत वि. साहेब खाँ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९३१७, अंश दर्ता चलन, *चन्द्रेश्वर राय यादव समेत वि. विद्यानन्द राय यादव समेत*

अघिल्लो पुस्ताका बाबुहरूले हजूरबाबुसंग गरेको मुद्दाले नाति पुस्तालाई आफ्ना बाबु र काकासँग अंश माग्न पाउने हक खोस्न सक्दैन र त्यस्ता अप्रासांगिक तथ्यलाई आधार बनाएर न्याय निरुपण गर्न नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

- यसै लगाउको २०६१ सालको फौ.पु.नं. ३७७६, जालसाजी, *चन्द्रेश्वर राय यादव समेत वि. विद्यानन्द राय यादव समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

११.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ८९८५, नापी दर्ता निर्णय बदर, *नारायणप्रसाद चौलागाई वि. पदमलाल चौलागाई समेत*

विवादित जग्गामा आफ्नो हक भोग रहेको भनी कुनै वस्तुनिष्ठ प्रमाणबाट दावी प्रमाणित गर्न नसकेको नक्सा मुचुल्कामा वादी दावीको र हकको कुनै भरपर्दो र स्पष्ट स्रोत समेत देखाउन नसकेको, अवस्थामा प्रतिवादीबाट पेश भएको तिरो तिरोको रसीद जस्ता लिखतहरूको प्रामाणिकता जाँच गर्नुको कुनै औचित्य नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.न.. १००५२, अंश हक कायम नामसारी, *लखराजी लोध समेत वि. विफनी लोधिन समेत*

प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम संगोलको सम्पत्ति सबै अंशियारको भनी अनुमान गर्नुपर्ने हुन्छ, त्यस्तै वादी प्रतिवादीहरू बीचमा अंश वण्डा भएको कानूनबमेजिमको सबुद प्रमाण पनि प्रतिवादीले पेश दाखिल गर्न सकेको छैन । व्यवहार प्रमाणबाट बण्डा भएको भन्ने प्रतिउत्तर जिकीर लिएको सन्दर्भमा निजहरू बीचमा भएको व्यवहारबाट वण्डा भई अलग-अलग बसेको कुरा कही कतैबाट पुष्टि हुन सकेको नहुदा अंश पाउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९६८४, निर्णय दर्ता बदर हक कायम, *बद्रीराज पाण्डे वि. शक्ते तामाङ समेत*

दावी गरिएको लगत २२० नं. सँग कि.नं. २९ भिड्न नआएको र दावीअनुसार मोहीले जग्गा सरदारको हो भनी लेखिदिएको फिल्डबुक छ भनिएकोमा मालपोत कार्यालय मिसिल हेर्दा त्यस्तो व्यहोरा लेखिएको कही कतै नदेखिँदा उक्त जग्गा वादीको दर्ताको हो भन्ने प्रमाणित हुन आएको छैन । एकै चोटी नापी भएको प्रायः सँगैको कि.नं. २३ को जग्गा वादीले दर्ता गराई लिइसकेको देखिदा समेत विवादित कि.नं. २९ मा दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ९६८३, लिखत बदर, *बद्रीराज पाण्डे वि. शक्ते तामाङ समेत*
- २०६० सालको फौ.पु.नं. ३६३५, जालसाजी, *बद्रीराज पाण्डे वि. शक्ते तामाङ समेत*

१४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८७०५, हक कायम नामसारी, *झिन्की खरविन्द वि. आरती खरविन्द*

वादीतर्फबाट पेश पुस्तेवारी अनुसार स्व. झिन्की प्रत्यर्थी प्रतिवादी आरतीकी दिदी (काकाको छोरी) नाता पर्ने देखिएको छ भने निज स्व. झिन्की यी पुनरावेदिका वादी झिन्की खरविन्दको लोग्ने काशीको साख्खै बहिनी नाता पर्ने र निज ले नै स्व. झिन्कीलाई जग्गा खरीद गरी दिई बाचुन्जेल पालनपोषण गरेको एवं मृत्युपश्चात् काज क्रिया समेत गरेको भनी दावी लिएको वादीका साक्षी प्रमाण समेतबाट पुष्टि भइरहेको साथै सोलाई खण्डन गर्ने कुनै पनि प्रमाण मिसिल संलग्न नदेखिएको अवस्थामा वादी दावीबमोजिम झिन्की खरविन्द (काशीको पत्नी) ले काशीकै बहिनी झिन्की र निजको लाग्ने मगरेको मृत्युपछि निजहरूको काजक्रिया गर्नुका साथै नजिकको हकदारको नाताले अपुताली पाउने ठहराउनु पर्नेमा सो नगरेको पुनरावेदन अदालत बुटवलको फैसला नमिलेको हुँदा उल्टी भई स्व. झिन्कीको

सम्पत्तिमा वादी दावीबमोजिम अपुतालीमा वादीको हक कायम भई नामसारी दर्ता समेत हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक २२ रोज १ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ८७०६, हक कायम दर्ता, *श्यामकुमार खरविन्द वि. आरती खरविन्द समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९२१५, जग्गा खिचोला चलन, *बच्चा दुवे ब्राम्हण वि. ठाकुर चौधरी नुनीया समेत*

अदालतबाट भइआएको नक्सा तथा सर्जमीन मुचुल्काबाट यी प्रतिवादीहरूले विवादित कि.नं. ३११ को जग्गा खिचोला गरेको भन्ने देखिन आएको छैन । उक्त जग्गामा विभिन्न व्यक्तिहरूले समय-समयमा मोहीको हैसियतले खेती गरी कमाई आएको देखिएको छ । जग्गा कमाउने भन्ने विषय जग्गाधनीको मञ्जूरीविना सम्भव पनि नहुने हुँदा कल्पित दावीका आधारमा यी प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याउन न्यायसंगत नहुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६२ सालको फौ.पु.नं. ३२५५, जालसाजी, *बच्चा दुबे ब्राम्हण वि. ठाकुर चौधरी नुनिया समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं.८०४३, निर्णय बदर, *बच्चा दुवे ब्राम्हण समेत वि. खेदारु दाश*

मालपोत ऐन, २०३४ को दफा ७(३) मा भएको कानूनी व्यवस्थाबमोजिम जग्गाका हकमा जग्गावालाको नाम, थर, वतन, उमेर, वा निजको बाबु, बाजे, पति वा ससुराको नामथर वा जग्गाको कित्ता नम्बर, क्षेत्रफल वा किसिम फरक परेको वा दोहोरो दर्ता हुन गएकोमा सोमध्ये कुनै व्यहोरा मालपोत कार्यालयले संशोधन गर्दा अन्य दोस्रो पक्षको हकमा असर नहुने गरी गर्नसक्ने नै हुन्छ । यसरी संशोधन गरिएको कार्यले दोस्रो पक्षलाई असर गरेको छैन भने त्यो संशोधनको निर्णय आदेश कानूनसम्मत मान्नु पर्दछ । कि.नं. ८२, ८३, ८४, ३११ र ३०८ को जग्गा रामजानकी मन्दिर जगरनाथपुरको भई जग्गाधनी प्रमाण पूर्जामा मन्दिरको वतन गा.वि.स. जगरनाथपुर सिरा वडा नं. २ कायम गर्ने गरेको मालपोत कार्यालय पर्साको सो हदसम्मको निर्णय बदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल भदौ ३० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६२ सालके फौ.पु.नं. ३२५६, जालसाजी, *जगदीशप्रसाद चौहान वि. खेदारु दास* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको रिट नं. २६८१, उत्प्रेषणयुक्त परमादेश, *तेजप्रसाद सापकोटा वि. श्रम अदालत काठमाडौँ समेत*

रिट निवेदकले सेवामा प्रवेश गर्दा उपलब्ध गराएको ठेगाना परिवर्तन भएको लिखित जानकारी विपक्षी रोजगारदाता संस्थालाई निज रिट निवेदकले दिएको थियो भन्ने कुरा प्रमाणित नभएको अवस्थामा निजले उल्लेख गरेको पुरानो ठेगानालाई नै वास्तविक ठेगाना मान्नु पर्ने हुन्छ । यसरी निजको वास्तविक ठेगानामा नगएको जानकारीलाई निजले सोही समयमा थाहा पाए होला भनी अनुमान गर्न नसकिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

१८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०७१०, नापी निर्णय बदर हक कायम, *कमलादेवी ऐर वि. तुलसीदेवी खत्री*

मुद्दा गर्न भनी कुनै ऐनमा स्पष्ट रुपमा हदम्याद किटानी गरी व्यवस्थित गरिएकोमा सो म्यादभित्र फिराद दिइसक्नुपर्ने अन्यथा त्यसले उपचार प्राप्त गर्न नसक्ने हदम्यादसम्बन्धी मान्य सिद्धान्त समेतका आधारमा हदम्यादभित्र दायर हुन नआएको वादीको फिराद खारेज हुने ।

इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

१९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०९५३, सार्वजनिक जग्गा खिचोला मेटाई घर उठाई पाऊँ, *रामज्ञान ठाकुर वि. असर्फी साह सोनार समेत*

विवादित जग्गामा सार्वजनिक इनार रहे भएको भन्ने वादी दावी प्रमाणित नभई उक्त जग्गामा प्रतिवादीको घर टहरा भई निजको अविछिन्न भोग रहेको यथार्थता नक्सा सर्जमिन मुचुल्काबाट प्रमाणित हुन आएको देखिन्छ । भोगको विधिशास्त्रीय मान्यता समेतलाई दृष्टिगत गर्दा प्रतिवादीको भोग कायम गर्ने गरी वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल भदौ २१ गते रोज १ शुभम् ।

- यसै लगाउका २०६३ सालको दे.पु.नं. ०६३-CI-०९१४, सार्वजनिक जग्गा खिचोला घर उठाई पाऊँ, *रामज्ञान ठाकुर वि. असर्फी साह सोनार समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२०.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०५४४, अंश चलन, *प्रदीपराज पाण्डे वि.प्रकाश ए. राज पाण्डे समेत*

अंश जस्तो नैसर्गिक तथा अपरिहार्य कुराको निराकरण चाडो नभएको खण्डमा त्यसबाट पछि हुने उपलब्धिले कुनै समयमा कुनै अर्थ नराख्न सक्ने समेत हुँदा यसलाई चाँडो टुंगो लगाउनु आर्थिक, सामाजिक, कानून तथा न्यायको दृष्टिले समेत उपयुक्त हुने हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) तथा मुलुकी ऐन अदालती बन्दोवस्तको २०९ नं. बमोजिम पुनरावेदन अदालतबाट नै थप अन्य प्रक्रिया पुऱ्याई इन्साफ गर्नुपर्नेमा सो नगरी शुरु जिल्ला अदालतमा पुनः इन्साफ गर्न पठाएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल भदौ १७ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६३ सालको फौ.पु.नं. ०२९५, कीर्ते जालसाजी, *प्रदीपराज पाण्डे वि. प्रकाश ए. राज पाण्डे* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२१.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालो रिट नं. ३०७६, उत्प्रेषण समेत, *जयनारायण यादव वि. पुनरावेदन अदालत राजविराज समेत*

ऐन कानूनअनुरूप भएको काम कारवाहीलाई वैकल्पिक उपचारको माध्यमबाट वदर गर्दै जाने हो भने अदालतले आफैले गरेको अन्तिम फैसलाको कार्यान्वयन कहिले पनि हुन नसक्ने हुँदा वस्तुनिष्ट कारण र आधारको अभावमा कानूनसम्मत तरिकाबाट तहसिलदारबाट भएको डाँक लिलामको काम कारवाहीलाई जिल्ला तथा पुनरावेदन अदालत समेतले सदर गरिसकेको अवस्थामा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम उक्त डाँक लिलाम उत्प्रेषणको

आदेशद्वारा बदर गरिरहनु पर्ने स्थितिको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल भदौ १६ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०५९ सालको रिट नं. ३२३४, उत्प्रेषण परमादेश समेत, *लक्ष्मी राउत वरै वि. पुनरावेदन अदालत राजविराज समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**एकल इजलास**

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ,** २०६६ सालको रिट नं. ११, उत्प्रेषण, *अच्युतप्रसाद खरेल वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रमाण ऐन, २०३१ को दफा ४७ मा गरिएको "साक्षीले जवाफ दिन कर लाग्ने" शीर्षकमा गरिएको कानूनी व्यवस्थाबमोजिम मुद्दाका सिलसिलामा अदालतबाट सोधेको कुनै पनि प्रश्नको जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा सो प्रश्नको जवाफ दिन साक्षीले इन्कार गर्न नपाउने व्यवस्था गरेपनि सो जवाफबाट साक्षीलाई पक्राउ गर्न निजउपर कुनै फौजदारी कारवाही चलाउन र चलेको मुद्दामा प्रमाणमा लिन नहुने व्यवस्था गरी त्यस्तो मुद्दामा बकेको वा जवाफ दिन बाध्य पारेको कुरा निजको विरुद्ध प्रमाणमा लिन नपाइने कुराको प्रत्याभूति हुने गरी गरिएको उक्त कानूनी व्यवस्थाले साक्षीलाई फौजदारी कारवाही चलाउनबाट उन्मुक्ति नै प्रदान गरेको देखिँएबाट निवेदकको जिकीरबमोजिम प्रमाण ऐन, २०३१ को दफा ४७ को व्यवस्थाले संविधानको धारा २४(७) द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल असोज १९ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी.,** २०६६ सालको रिट नं. WO-०१६२, उत्प्रेषणयुक्त परमादेश, *भिमबहादुर शाह वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय समेत*

करार, करारसम्बन्धी कानूनबाट प्रशासित हुन्छ । करार र करारका शर्तहरू आफैमा कानून होइनन् । तर करारका शर्तहरू करारका पक्षहरूले अनिवार्य रुपले पालना गर्नुपर्छ । करारका शर्त पालना नगरी करार उल्लंघन गर्ने वा करार भंग गर्ने पक्षले भंग गरिसकेको वा उल्लंघन गरिसकेको कारण Restitution गर्न नसक्ने अवस्था भएमा करार भंग वा उल्लंघन गर्ने पक्षले त्यसबाट असर पर्ने करारको अर्को पक्षलाई क्षतिपूर्ति भराउनु पर्छ । करारको एक पक्षले करार पालना नगरी करारको उल्लंघन गरेको कारण अर्को पक्षलाई क्षति पुगेमा करारको व्यवस्थाबमोजिम क्षति पुग्ने व्यक्तिले साधारण अदालतबाट क्षतिपूर्ति समेत भराई लिन पाउने ।

यस अदालतको धारा १०७(२) अन्तर्गत असाधारण अधिकार संविधानले दिएको मौलिक हक वा अन्य कुनै कानूनी हक गैरकानूनी तरिकाले, कानून विपरीत हनन् भएमा त्यसरी अपहरित हकको प्रचलन गराउने Public Law को उपचार हो । तर करार ऐन अन्तर्गत दुई पक्ष बीचको करारद्वारा प्रदत्त हक Private Law Law अन्तर्गत साधारण अधिकारक्षेत्रबाट प्रचलन गराउनु पर्ने ।

करारिय हक मौलिक हक तथा कानूनी हक पनि भएको हुँदा यस्तो करारिय विवादमा असाधारण अधिकार आकर्षण हुन नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

# सर्वोच्च अदालत गतिविधि

## नवनियुक्त सम्माननीय प्रधानन्यायाधीश श्री अनूपराज शर्माद्वारा शपथ ग्रहण

नवनियुक्त सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माले २०६६ मंङ्सिर २८ गते सम्माननीय राष्ट्रपति श्री रामवरण यादवसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । नवनियुक्त सम्माननीयज्यूले सोही दिन पद वहाली समेत गर्नुभयो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा १ मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति गर्ने प्रावधान रहेको छ ।



नवनियुक्त प्रधान न्यायाधीश श्री अनूपराज शर्मा पदभार ग्रहण गर्नुहुँदै

## सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूको विदाई

यही मंङ्सिर २६ गते सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यू पैंसठ्ठी वर्ष पूरा भै २०६६ साल मंङ्सिर २७ गतेदेखि उमेरका हदबाट अनिवार्य अवकाश हुनु भएको छ । सम्माननीय महोदयले न्याय क्षेत्रमा पुऱ्याउनु भएको योगदानको निम्ति हार्दिक धन्यवाद दिँदै सर्वोच्च अदालतले उहाँको सुखमय सेवानिवृत्त जीवनको कामना गर्दै विदाई गरेको छ ।